# देवचुली नगरपालिका

## गण्डकी प्रदेश

## नवलपरासी

### श्रोत संभाव्यता अध्ययन तथा राजस्व सुधार कार्ययोजना
### (२०७८-२०७९ देखि २०८१-२०८२)

स्ट्रेन्थ इन्जिनियरिङ कम्पनी प्रा.लि
गंगवु, काठमाण्डौ

## विषय सूचि


परिच्छेद एक ..... ५

परिचय ..... ५

१.१ पृष्ठभुमि ..... ५

१.२ उद्देश्य ..... ६

१.३ विधि तथा प्रकृया ..... ७

१.४ सीमा ..... ८

परिच्छेद दुई ..... ९

वित्तिय विकेन्द्रिकरण र स्थानिय तहको राजश्व परिचालनको  सैद्धान्तिक पक्षहरुको समिक्षा ..... ९

२.१ वित्तिय विकेन्द्रिकरण ..... ९

२.२ राजस्व नीति र राजस्व प्रशासन सम्बन्धी सैद्धान्तिक आधारहरु ..... १०

२.३ संवैधानिक तथा कानूनी व्यवस्थाः ..... १०

२.३.१ राजश्व आधार (करयोग्य वस्तु वा सेवा) को परिभाषा ..... १०

२.३.२ कर दर निर्धारण सम्बन्धी अधिकारः ..... १२

२.३.३ करयोग्य सम्पत्ति, आय र वस्तु वा सेवाको मूल्यांकन आधार निर्धारण सम्बन्धी अधिकारः ..... १२

२.३.४ करको दायरा निर्धारण सम्बन्धी अधिकारः ..... १३

२.३.५ कर संकलनका विधि र प्रविधि निर्धारण सम्बन्धी अधिकारः ..... १३

परिच्छेद तीन ..... १४

देवचुली नगरपालिकाको परिचय र राजश्व परिचालनको वर्तमान अवस्था ..... १४

३.१ पृष्ठभूमि ..... १४

३.२ प्रशासनिक र राजनीतिक विभाजन तथा जनसंख्या ..... १५

३.३ भौगोलिक विवरण ..... १६

३.४ भाषा धर्म तथा जाती ..... १६

३.५ हाल मौजुदा रहेका शाखा सम्बन्धी विवरण ..... १७

३.६ नगरपालिकाको मौजुदा कर्मचारी दरवन्दी र पदपूर्तिको अवस्था ..... १८

३.७ राजश्व परिचालन सम्बन्धी नीतिहरु ..... २०

३.७.१ राजस्व परामर्श समिति ........ २०

३.७.२ राजस्व सम्बन्धी नीतिगत निणर्यहरु ........ २०

३.७.३ आर्थिक प्रशासन तथा राजस्व परिचालन नीति ........ २१

३.८ नगरपालिकाको समग्र आय समीक्ष ........ २२

परिच्छेद चार ........ २७
आन्तरिक आय सम्भावनाको विश्लेषण ........ २७

४.१ नगरपालिकाको राजश्व अधिकार सम्बन्धी संबैधानिक तथा कानुनी व्यवस्था ........ २७

४.२ प्रभावकारी राजश्व परिचालन तथा राजश्व सुधारका प्रमुख पक्षहरु ........ २८

४.३ राजस्व प्रशासन तथा नीतिगत समस्याहरु ........ ३०

४.४ आन्तरिक स्रोत तर्फका राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण ........ ३१

परिच्छेद पाँच ........ ३८
राजस्व सुधार कार्ययोजना ........ ३८

५.१ देवचुली नगरपालिकाको राजस्व सुधार कार्ययोजना ........ ३८

५.२ राजश्व सुधार कार्य योजनाका आधारमा राजश्व प्रक्षेपण ........ ४३

परिच्छेद छ ........ ४५
अपेक्षित नतिजा र सुझावहरू ........ ४५

परिच्छेद सात ........ ४८
अनुगमन तथा मूल्यांकन ........ ४८

(क) कार्यलय स्तरको अनुगमनः ........ ४८

(ख) राजश्व परामर्श समितिवाट अनुगमन तथा मूल्यांकनः ........ ४८

(ग) कार्यपालिकावाट अनुगमन तथा मूल्यांकनः ........ ४८

(घ) वाह्य अनुगमन तथा मूल्यांकनः ........ ४९

## तालिकाको सूची


तालिका १: अध्ययनको विधि तथा प्रकृया ........................................................................ ८

तालिका २: प्रशासनिक र राजनीतिक विभाजन तथा जनसंख्या ............................................. १६

तालिका ३: भौगालिक विवरण .................................................................................. १७

तालिका ४: भाषा धर्म तथा जाती विवरण .................................................................... १८

तालिका ५: कर्मचारी दरवन्दी र पदपूर्तिको अवस्था सम्बन्धी विवरण .................................... २०

तालिका ६: नगरपालिकाको यथार्थ र अनुमानित आयको अवस्था ........................................... २३

तालिका ७: कर राजस्व तर्फको सम्भावना विश्लेषण ........................................................ २५

तालिका ८: गैर कर राजस्व तर्फको सम्भावना विश्लेषण ................................................... २६

तालिका ९: सम्पत्तिकर अनुमान प्रक्षेपण ..................................................................... ३२

तालिका १०: आवासिय भाडा दरको प्रक्षेपण .................................................................. ३४

तालिका ११: व्यावसायिक भाडा दरको प्रक्षेपण .............................................................. ३४

तालिका १२: व्यवसायिक राजस्वको अनुमानित प्रक्षेपण ..................................................... ३५

तालिका १३: नक्सा पास दस्तुरको सम्भावनाको गणना ..................................................... ३७

तालिका १४: व्यवसाय रजिष्ट्रेशन दस्तुर सम्भवानाको गणना ............................................. ३८

तालिका १५: राजस्व सुधार कार्ययोजना ...................................................................... ३९

तालिका १६: आन्तरिक राजस्व प्रक्षेपणका आधार र तीन बर्षहरुको ..................................... ४४

तालिका १७: नगरपालिकाको सम्भावित आय संरचना ........................................................ ४६

# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभुमि

देशको भु-बनोट विभिधतायुक्त प्रकृति, समाजको उत्पत्ति र बनोट, सभ्यता र विभिदतायुक्त संस्कृति, भाषा, प्राकृतिक स्रोत साधनको अत्युत्तम परिचालन, उदयीमान दुई छिमेकी अर्थतन्त्र, देशभित्रको क्रियाशील जनशक्ति, अन्तराष्ट्रिय क्षेत्रमा सुरु भएको असल सम्बन्धको विकाश र कायम रहेको समष्टिगत आर्थिक स्यायित्व नै आर्थिक समृद्धिको आधारका रुपमा रहेका छन् । नेपालको संविधानले राज्य शक्तिको बा‘‘डफा‘‘डको लागि संघ, प्रदेश र स्थानीय तह गरी तीन वटा तहको सरकारको अवधारणा ल्याएको छ ।  सुशासन र विकासका लागि वर्तमान राजनैतिक अठोट र इच्छाशक्ति एवम् प्रदेश र स्थानिय तहको क्रियासिलता र सामर्थ्यको माध्यमबाट सम्पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्ने भएको छ । यो अवसरलाई मुलुकको सुशासन, विकाश र समृद्धिको लागि उपयोग गर्न शासकिय अवयवहरुको कुसलतापुर्वक परिचालनबाट समृद्धिको आधार तयार हुनेछ ।

नेपालको संविधानको अनुसूची-५ मा संघिय सरकारका ३५ वटा अधिकार सूची, अनुसूची-६ मा प्रदेशका (२१ वटा अधिकार सूची, अनुसूची-७ मा सङ्घ र प्रदेशका २५ वटा साझा अधिकार सूची, अनुसूची-८ मा स्थानीय तहका २२ वटा अधिकार र अनुसूची-९ मा सङ्घ, प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकार सूची निर्धारण गरी बर्तमान संविधानले तीनै तहमा अधिकार सम्पन्न र स्वायत्त सरकारको स्थापनाका लागि मार्ग प्रसस्त गरिदिएको छ । यी नै एकल तथा साझा अधिकारको प्रयोग गरी नगरपालिकाले बजेट सहितको वार्षिक तथा आवधिक योजना बनाउनु पर्नेछ । नगरपालिका संघिय सरकारको बजेटमा मात्र आश्रित नरही संविधानले दिएको अधिकार प्रयोग गरी राजश्वका क्षेत्रहरूको पहिचान गर्ने, विद्यमान करका दायरा तथा दरहरू परिमार्जन गर्नुपर्ने हुन्छ । यो राजस्व सुधार कार्ययोजना समय सापेक्ष करका दायरा तथा दरहरूमा हेरफेर गर्न केन्द्रित रहेको छ । यो योजना तीन वर्षका लागि बनाइएको छ र नगरपालिकाले आवश्यकता अनुसार परिमार्जन गर्दै लग्नेछ ।

नागरिकका आधारभूत आवश्यकता पूरा गर्ने क्रममा सबैभन्दा पहिले भौतिक पूर्वाधार विकास हुन जरुरी छ। तर यसका लागि स्थानीय तहले पर्याप्त आर्थिक स्रोत व्यवस्थापन गर्नुपर्छ। स्थानीय सरकार सञ्चालन ऐन- २०७४ को दफा ६९ (२) मा उल्लेख भए अनुसार स्थानीय तह आफैंले उठाएको राजस्व तथा आयबाट प्राप्त रकम, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, नेपाल सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम, प्रदेश सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम, कुनै व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम स्थानीय तहका आयस्रोत हुन सक्छन। यस्तै राष्ट्रिय प्राथमिकताका आधारमा स्थानीय सरकारकालागि नेपाल सरकारले विदेशी सरकार, निकाय, संघ-संस्था वा व्यक्तिबाट लिएको वैदेशिक सहायताबाट उपलब्ध गराएको रकम, अन्य स्थानीय सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम, आन्तरिक ऋणबाट प्राप्त रकम तथा स्थानीय तहलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम पनि स्थानीय तहको आयस्रोत हुन सक्छ। तर स्थानीय तह आफैंले सङ्कलन गर्नसकेको आय वा राजस्व रकमका आधारमै स्थानीय तहमा दिगो विकासको सम्भावनाको आँकलन गर्न सकिने भएकाले सबै पालिकाले आन्तरिक आयस्रोत सङ्कलनमै विशेष ध्यान दिन जरुरी छ। बाह्य आयलाई संघीय सरकार वा प्रदेश सरकारले निर्धारण गरे बमोजिमको क्षेत्र एवं कार्यक्रम वा शीर्षकमा तोकिएको सर्त वा मापदण्ड पूरा गरेर मात्र खर्च गर्नुपर्ने भएकाले स्थानीय तहलाई आन्तरिक आय प्रयोगको तुलनामा बाह्य आयको प्रयोग त्यति सहज नहुन सक्छ।

स्थानीय सरकार सञ्चालन ऐन- २०७४ को परिच्छेद ९ (दफा ५५-६२) मा उल्लेख भए अनुसार पालिकाले सम्पत्ति कर र घरजग्गा कर, भूमिकर (मालपोत), घरजग्गा बहाल कर, व्यवसाय कर, बहाल बिटौरी शुल्क, पार्किङ शुल्क, जडीबुटी, कवाडी र जीवजन्तु कर तथा बिभिन्न प्रकारका सेवा शुल्क शीर्षकहरूबाट आय सङ्कलन गर्नसक्ने देखिए पनि सबै स्रोत

समान रूपमा बिभिन्न दृष्टिकोणले सम्भाव्य नहुन सक्छ। कर तथा गैरकर दुबै स्थानीय तहका आफ्नै आयस्रोत हुन तापनि यसको सङ्कलनमा प्रभावकारिता ल्याउन स्थानीय तहकै आन्तरिक प्रशासनिक क्षमता बढाउनुपर्ने हुनसक्छ।

कर प्रगतिशील विशेषता र सङ्कलन सम्भाव्य हुँदैमा स्थानीय तह सबल एवं सक्षम हुने होइन। स्थानीय स्रोत सङ्कलनमा सक्षम बनेमात्र स्थानीय तहको सबलता प्रमाणित हुनसक्छ। यसका लागि एकातर्फ सबै करदाताको तथ्याङ्क सहितको अभिलेख व्यवस्थापन गरी त्यो अभिलेखलाई समय-सापेक्ष परिमार्जन गर्न जरुरी छ भने अर्कोतर्फ सङ्कलित करको प्रयोगमा करदाता सन्तुष्ट हुनुपर्छ अर्थात् सङ्कलित स्रोतलाई पारदर्शी तरिकाले खर्च गर्नुपर्छ। स्थानीय तहलाई अधिकार सम्पन्न बनाउने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन- २०७४ ले नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने धेरै अधिकार निक्षेपण गरेको छ। स्थानीय तहले पारदर्शी तरिकाले आफ्ना क्रियाकलाप अगाडि बढाए मात्र सबै नागरिकलाई करको दायरामा ल्याउन सजिलो पर्छ। स्थानीय तहमा गरिने क्रियाकलापको पारदर्शिताले जनमानसमा सकारात्मक प्रभाव पर्ने भएकोले सम्भव भएसम्म प्रतिनिधिमूलक तरिकाबाटै भए पनि विकास निर्माणका क्रियाकलापमा करदातालाई निर्णय प्रक्रियादेखि कार्यान्वयन तहसम्म संलग्न गराउन सके कामको गुणस्तर कायम गर्न र आयस्रोत सङ्कलन गर्न सहज हुनसक्छ।

सिमित नागरिकलाई असीमित कर वा बढी दरमा कर लगाएर भन्दा थोरै कर दरमा धेरै करदाता समेट्दै धेरै कर सङ्कलन गर्न सक्नुलाई कर प्रशासनको सक्षमता मानिन्छ। नागरिकको विकासका आवश्यकता पूरा गर्नका लागि पर्याप्त आर्थिक स्रोत आवश्यक पर्छ। जुन स्थानीय तहले सम्पत्ति कर सङ्कलनलाई उच्च प्राथमिकतामा राखेको छ, उसले आफ्ना नागरिकको आवश्यकता दिगो ढङ्गले पूरा गर्ने सम्भावना बढी हुन्छ। वर्तमान सन्दर्भमा आउदा बर्षहरु स्थानीय सरकारकालागि प्रारम्भिक तयारीको वर्ष भएकाले सबै स्थानीय तहले सम्भावित स्थानीय आयस्रोत व्यवस्थापनमा सक्रियता देखाउनसके पछिसम्मका लागि परनिर्भरता घटाउन सकिने सम्भावना छ।

प्राकृतिक स्रोत तथा वित्तिय आयोगको सिफारिसमा स्थानीय तहलाई संघिय तथा प्रदेश सरकारबाट अनुदान दिंदा स्थानीय तहको खर्च गर्न सक्ने क्षमता तथा आन्तरिक आयका वृद्धि गर्ने क्षमताका आधारमा वित्तीय समानीकरण, शशर्त, समपुरक र विशेष अनुदान दिने व्यवस्था गरिएको छ । तसर्थ यस नगरपालिकाको वित्तिय स्थिति सबल बनाउन राजस्व सुधार कार्ययोजना ९च्भखभलगभ क्उचयखझभलत ब्अतष्यल एबिलरच्क्ब्ए० तयार पार्न लागिएको हो । यस योजनाले नगरपालिकाको आन्तरिक आयमा वृद्धि गरी वित्तीय क्षमताको विकास गर्ने एवम् यसलाई सबल बनाउने र राजस्वको सम्भाव्य स्रोतको पूर्ण क्षमतामा उपयोग गर्ने लक्ष्य राखेको छ ।

## १.२ उद्देश्य

यस अध्ययनको समग्र उद्देश्य देवचुली नगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्था तथा आन्तरिक स्रोतका संभावनाहरुको विश्लेषण गरी प्रक्षेपण सहितको राजस्व सुधार कार्ययोजना तयार गर्नु हो । यस उद्देश्यको प्राप्तिका लागि देहाय अनुसारका सहायक उद्देश्य निर्धारण गरिएको छ :

- प्रचलित कानूनको भावना र उद्देश्य अनुसार देवचुली नगरपालिकाको वर्तमान राजस्व प्रशासन सम्बन्धी नीति कार्यक्रमहरु तथा कार्यान्वयन तौरतरिकाहरुको वस्तुनिष्ठ समीक्षा गर्ने
- राजस्व सुधार कार्ययोजनाको आवश्यकता र महत्वबारे नगरपालिकाका पदाधिकारीहरुलाई अभिमुखीकरण गर्ने ।
- नगरपालिकाको वर्तमान राजस्व प्रशासनसम्बन्धी नीति, कार्यक्रम तथा राजस्व दरवन्दी सम्बन्धमा सरोकारवालाहरुको धारणाको पृष्ठभूमिमा आवश्यक परिमार्जनका लागि सिफारिस गर्ने
- आधुनिक राजस्व प्रशासनसँग सम्बन्धित सैद्धान्तिक तथा व्यवहारिक पक्षहरुको पृष्ठभूमिमा नयाँ नयाँ क्षेत्रहरुको पहिचान, बिद्यमान राजस्व प्रशासनलाई करदातामैत्री बनाउन आवश्यक नीति, कार्यक्रम सहित चालु

आ.व.२०७८।०७९ लागि आन्तरिक आय सम्बन्धी अनुमान तथा संसोधन सहित २०७९/०८०, २०८०/०८१ र ०८१ /८२ सम्म गरी आगामी ३ आ.व.कालागि राजस्व प्रक्षेपण तथा सुधार कार्ययोजना सिफारिस गर्ने ।

- नगरपालिकाको आन्तरिक आय बृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार रणनीति सहितको आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्ने ।
- नगरपालिकाको राजस्व प्रक्षेपण, बजेट अनुमान तथा सूचना प्रणालीमा सहयोग गर्ने ।

## १.३ विधि तथा प्रकृया

यस राजस्व सुधार कार्ययोजना तर्जुमाकालागि राजस्वसँग सम्बन्धित विविध सामग्रीहरूको अध्ययन, राजस्वसँग सम्बन्धित तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारामहरूको निर्माण, तथ्याङ्क संकलन तथा विश्लेषण, कार्ययोजना तर्जुमाकालागि सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ :

**तालिका १: अध्ययनको विधि तथा प्रकृया**

| क.स | अध्ययन बिधि | क्रियाकलाप | सरोकारवाला संस्था वा व्यक्ति |
|---|---|---|---|
| १ | सन्दर्भ सामग्री संकलन तथा अध्ययन | नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४, देवचुली नगरपालिकाको चालु दूई आ.व.को योजना, नीति बजेट तथा कार्यक्रम, परिवर्तित संरचना अनुसार विभिन्न मन्त्रालयहरूले निष्कासन गरेको कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमुनाहरूको अध्ययन | संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, नगरपालिका कार्यालय, वेभ साइट, |
| २ | तथ्याङ्क संकलन | प्रश्नावली तयारी, तथ्याङ्क संकलन,छलफल, स्थलगत भ्रमण | नगरपालिका, विषयगत शाखा, तथा वडा कार्यालय |
| ३ | कार्यशाला गोष्ठी | एक दिने छलफल तथा अन्तरक्रिया कार्यक्रम | निर्वाचित जनप्रतिनिधि, राजनीतिक प्रतिनिधि, व्यवसायी, तथा सम्बन्धित सरोकारवाला |
| ४ | तथ्याङ्क विश्लेषण तथा प्रारम्भिक मस्यौदा तयारी | तथ्याङ्क प्रशोधन तथा व्यवस्थापन, विश्लेषण, मस्यौदा प्रतिवेदन तयारी तथा प्रस्तुती | अध्ययन टोली, न.पा प्रतिनिधि |
| ५ | अन्तिम प्रतिवेदन | नगरपालिका कार्यालयमा अन्तिम प्रतिवेदन पेश | अध्ययन टोली |

## १.४ सीमा

नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको क्षेत्र व्यापक रहेको भएता पनि सिमित स्रोत साधन, विगतका वर्षहरूको प्रयाप्त सुचनाको अभाव, सिमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन् :

- यो प्रतिवेदन प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूको आधारमा तयार गरिएको छ। यसको अलावा अध्ययन तथा विश्लेषण कार्य नगरपालिकाका सम्बन्धित शाखाका कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसँग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ।
- नगरपालिकाको आन्तरिक आय तथा स्रोतको पहिचान गर्ने उद्देश्यकालागि तयार पारिएको तथ्याङ्क संकलन फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा स्थलगत अध्ययनबाट संकलन गरिएको छ।
- नगरपालिकामा भएको अभिलेख र सरोकारवालाहरूको छलफलबाट प्राप्त सूचनाको आधारमा आयका स्रोत सम्बन्धी तथ्याङ्कहरू संकलन गरिएको छ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले दिएको राजस्व अधिकारको आधारमा राजस्व सम्बन्धी अध्ययन तथा विश्लेषण गरिएको छ।

# परिच्छेद दुई

## वित्तिय विकेन्द्रिकरण र स्थानिय तहको राजश्व परिचालनको  सैद्धान्तिक पक्षहरुको समिक्षा

### २.१ वित्तिय विकेन्द्रिकरण

सिद्धान्ततः विकेन्द्रीकरण प्रक्रियालाई सामान्यतः प्रत्यायोजित अधिकार सहितको प्रशासनिक विकेन्द्रीकरण, राजनीतिक प्रजातान्त्रिकरण सहित अधिकारको निक्षेपण, बित्तीय विकेन्द्रीकरण र निजीकरण गरी चार चरणमा राखी बिवेचना गरिन्छ। नेपालको सन्दर्भमा २०१९ सालमा विकेन्द्रीकरण ऐन मार्फत सूरु भएको विकेन्द्रीकरण प्रक्रियालाई समिक्षा गर्ने हो भने केन्द्रमा निहित राजकीय शक्ति तथा श्रोत साधनलाई स्थानीय तहमा बिकेन्द्रीकरण गरिनु पर्दछ भन्ने मान्यता लिएको भएतापनि व्यवहारत विकेन्द्रीकरण प्रक्रियाले मूर्त रुप दिन सकिरहेको अवस्था थिएन । यसकालागि बिभिन्न प्रयासहरु भएतापनि संघीय संरचना सहितको नया संविधान लागु हुनु पूर्वको र अवस्थालाई हेर्दा स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ कार्यान्वयनमा आएपछि प्रत्यायोजित अधिकार सहितको प्रशासनिक विकेन्द्रीकरण को चरणबाट राजनीतिक प्रजातान्त्रिकरण सहित अधिकारको निक्षेपण चरणमा प्रवेश गरेको देखिन्छ। यो अवस्थामा शिक्षा, कृषि, सहकारी, सिंचाइ, पशु, वन, जस्ता आधारभूत सेवाक्षेत्रमा केन्द्रिय राज्यको प्रत्यक्ष नियन्त्रणमा राखिएको देखिन्छ भने खानेपानी, बिद्युत, टेलिफोन जस्ता क्षेत्रमा परोक्ष रुपमा अर्थात केन्द्रिय सरकार नियन्त्रित निकायहरु मार्फत सम्पादन भइरहेको अवस्थालाई प्रत्यायोजित अधिकार सहितको प्रशासनिक विकेन्द्रीकरणको चरणमा नै रहेको मान्नु पर्दछ।

संघीय गणतन्त्रात्मक राज्य व्यवस्था सहितको संविधानको कार्यान्वयनसँगै राज्यको पुनसंरचना मार्फत राज्य शक्तिको वाँडफाँड संविधानतः संघ, प्रदेश र स्थानीय तहको सरकारवीच एकल र साझा अधिकारको सूचीमा संवैधानिक मान्यता प्रदान गरेको छ । हालको अवस्थालाई बिश्लेषण गर्ने हो भने संविधानतः स्थानीय तहमा स्वशासन अन्तर्गतका २२ वटा एकल अधिकार, साझा शासन अन्तर्गत १५ साझा अधिकार तथा जिम्मेवारीहरु स्थानीय तहमा निक्षेपण गरिएको छ यसबाट बिस्तारै राजनीतिक प्रजातान्त्रिकरण सहित अधिकारको निक्षेपणको चरण तर्फ प्रवेश भएको स्पष्ट देखिन्छ । यसै गरी सरकारी, सहकारी र निजी क्षेत्रलाई राज्य सञ्चालनको लागि तीन खम्वे अर्थनीतिलाई आधारको रुपमा स्वीकार गरिएबाट राज्य क्रमशः समन्वयात्मक, सहकारीता तथा सहअस्तित्वको चरण तर्फ उन्मुख भइरहेको संकेत देखिन्छ।

नेपालको संविधानले आत्मसात गरेको संघीय संरचना, राज्य शक्तिलाई संघ, प्रदेश तथा स्थानीय तहमा गरिएको वाँडफाँडले विकेन्द्रीकरण, अधिकारको निक्षेपण जस्ता बिषयको वहसलाई सिद्धान्ततः अन्त गरेको छ । अव संविधानतः देशमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले संविधानतः व्यवस्था गरेको राज्य शक्तिको वाँडफाँड, अधिकार र कर्तव्यको आधारमा क्रियाशील भइसकेको अवस्था छ । यसलाई नेपालको राजनीतिक इतिहासको एक महत्वपूर्ण र युगान्तकारी परिवर्तन मान्न सकिन्छ। सद्धान्ततः वित्तीय विकेन्द्रीकरण अन्तर्गत स्थानीय तहलाई मूलत चारवटा अधिकार तथा जिम्मेवारी निक्षेपण गरिएको हुन्छ।

१. स्थानीय सरकारको आन्तरिक श्रोत परिचालन सम्बन्धी अधिकार र जिम्मेवारी

२. केन्द्रीय सरकार वा माथिल्लो निकायबाट बिनियोजन हुने बिषयगत तथा कार्यक्रमिक अनुदानको स्वामित्व र जिम्मेवारी

३. बिनियोजन तथा खर्च गर्ने सम्बन्धी अधिकार र जिम्मेवारी

४. ऋण प्राप्त गर्ने अधिकार र जिम्मेवारी

उपरोक्तानुसारको अधिकार र जिम्मेवारीहरुको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक नीतिगत व्यवस्था, संस्थागत संरचना, सक्षम तथा दक्ष जनशक्ति, समय सापेक्ष प्रविधिको उपयोग गरी प्रचलित कानूनको अधिनमा रही स्थानीय तहमा उपलव्ध श्रोत साधनको पहिचान, परिचालन र अधिकतम उपयोग गर्ने काम आज स्थानीय तहको लागि चुनौती र अवसर

बनेको छ भने यसलाई स्थानीय सरकारको वित्तीय व्यवस्थापन गर्ने संस्थागत क्षमता मापन गर्ने औजारको रुपमा पनि लिन थालिएको अवस्था छ ।

## २.२ राजस्व नीति र राजस्व प्रशासन सम्बन्धी सैद्धान्तिक आधारहरु

सिद्धान्ततः राजस्व नीति र राजस्व प्रशासन वीचमा पृथक सैद्धान्तिक आधारहरु देखिन्छन । राजस्व नीति र प्रशासनको सन्दर्भमा मूलतः देहाय बमोजिमका पाँचवटा पक्षहरुलाई बिशेष महत्वकासाथ लिइन्छ ।

- राजस्व आधार (करयोग्य वस्तु वा सेवा) को परिभाषा
- औसत करदर
- औसत करको दायरा
- मुल्यांकन औसत
- औसत संकलन

माथी उल्लेखित बिषय वा पक्षहरु मध्ये करयोग्य बस्तु वा सेवाको परिभाषा र करको दररेट जस्ता पक्षलाई नितान्त नीतिगत पक्षसँग  जोडेर हेरिन्छ जसको सम्बन्ध राजनीतिक वा प्रशासनिक इच्छाशक्तिमा निर्भर गर्दछ । करयोग्य वस्तु वा सेवाको मूल्यांकन बिधि, औसत दायरा र औसत संकलनको अवस्थांलाई राजस्व प्रशासनिक र व्यवस्थापकीय पक्षसँग सम्बन्धित मानिन्छ जसको प्रभावकारिता राजस्व प्रशासन संयन्त्र, जनशक्ति, तथ्यांक, प्रविधिको उपयोग, उत्प्रेरणा, नैतिकता जस्ता बिषयहरुले प्रभावित बनाइरहेको हुन्छ ।

## २.३ संवैधानिक तथा कानूनी व्यवस्थाः

### २.३.१ राजश्व आधार (करयोग्य वस्तु वा सेवा) को परिभाषा

नेपालको संविधान २०७२ ले संविधानतः धारा ५६(१) बमोजिम बिभिन्न तह अर्थात संघ, प्रदेश र स्थानिय सरकारको व्यवस्था र धारा ५७ अन्तर्गत राज्य शक्तिको बिभाजन र वितरण अनुसूची ५ अनुसार संघ, अनुसूची ६ अनुसार प्रदेश र अनुसूची ८ अनुसार स्थानीय तहको सरकारको स्वायत्त (एकल) अधिकार, अनुसूची ७ अनुसार संघ र प्रदेशको साझा अधिकार र अनुसूची ९ अनुसार संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत राज्य शक्तिको बाँडफाँड गरिएको अवस्था छ ।

संविधानतः तीन तहको सरकारको राजस्व आधारको रुपमा रहेको अनुसूची ५ को अनुक्रम ९ अनुसार संघ सरकारको राजस्व अधिकार, अनुसूची ६ को अनुक्रम ४ अनुसार प्रदेश सरकारको राजस्व अधिकार र अनुसुची ८ को अनुक्रम ४ अनुसार स्थानीय तहको राजस्व अधिकार र अनुसूची ९ अनुक्रम ६ अनुसारको संघ, प्रदेश र स्थानीय तहको राजस्व अधिकार नै तीनै तहका सरकारहरुको राजस्व आधार हो । उपरोक्तानुसारको संवैधानिक व्यवस्था अनुसार मूलतः कर तथा गैरकर राजस्व क्षेत्रलाई मूख्य राजस्व आधारको रुपमा स्विकार गरिएको छ । सिद्धान्ततः कुनै पनि तहको राजस्व आधारको रुपमा चल तथा अचल सम्पत्ति, आम्दानी र वस्तु वा सेवाक्षेत्रलाई मूख्य राजस्व आधारको रुपमा लिइन्छ । नेपालको सन्दर्भमा संविधान, अन्तर सरकारी बित्त व्यवस्थापन ऐन २०७४, राष्टिय प्राकृतिक श्रोत तथा बित्त आयोग ऐन २०७४ र स्थानीय सरकार संचालन ऐन २०७४ ले राजस्व आधार निर्धारण गर्दा चल सम्पत्ति, आम्दानी र वस्तु वा सेवाको प्रमुख क्षेत्रमाथिको राजस्व आधार संघ सरकारलाई र अचल सम्पत्ति, सामान्य आम्दानी (घरवहाल आय) र स्थानीय तहका वस्तु वा सेवाक्षेत्रलाई स्थानीय तहको सरकारको राजस्व आधारको रुपमा परिभाषित गरिएको छ ।

संविधानको अनुसूची ८ अनुक्रम ४ मा भएको व्यवस्थालाई स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ दफा ५४ देखि ६८ सम्म व्यवस्थित बनाएको छ । जस अनुसार कर राजस्व अन्तर्गत बिभिन्न राजस्व आधारहरु निर्धारण गरी सोही अनुसार कर राजस्व संकलन गर्ने व्यवस्था गरिएको छ भने गैरकरराजस्व अन्तर्गत नगरपालिकाबाट प्रवाह गरिने बिभिन्न सेवाहरुमा सेवाशुल्क, दस्तुर तथा कानूनको उलंघनमा दण्ड सजाय सम्बन्धी व्यवस्था गरिएको छ । उल्लेखित राजस्व सम्बन्धी अधिकार कार्यान्वयनका लागि स्थानीय राजस्व परामर्श समिति मार्फत कर तथा गैरकर राजस्वको आधार, दररेट, मूल्यांकन आधार र बिधि, दायरा र संकलन सम्बन्धी लक्ष्य, उद्देश्य, रणनीति र कार्यक्रम तर्जुमा गरी बिषयगत समिति हुदै नगर कार्यपालिका र नगर सभामा अर्थ बिधयक प्रस्तुत गर्नु पर्ने र प्रस्तुत गरिएको अर्थ बिधयक नगरपालिकाको आर्थिक ऐनको रुपमा स्विकृत भएपछि कानूनको रुपमा कार्यान्वयनमा ल्याउने व्यवस्था गरिएको छ ।

### क) कर राजस्व तर्फः

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५४ ले कानून बमोजिम वाहेक स्थानीय सरकारले कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने गरी वन्देज लगाएको छ । यसर्थ कुनै पनि स्थानीय तहले प्रचलित संविधानको प्रावधानसँग नवाझिने गरी स्थानीय परिवेस अनुसार कानून निर्माण गरी मात्र कर राजस्व लगाउन उठाउन पाउने व्यवस्था गरेको छ ।

### १. सम्पत्तिकर र घरजग्गाकरः

ऐनको दफा ५५ अनुसार स्थानीय सरकारले आफ्नो अधिकारक्षेत्रभित्र सम्पत्तिकर वा घरजग्गाकर लगाउन पाउने कानूनी व्यवस्था गरेको छ । यो कर लगाउदा घरजग्गाको आकार प्रकार, वनौट वा उपभोग वा अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर र कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजार मूल्य तथा ह्रास मूल्य र सभाले उपयुक्त ठानेको अन्य आधार तय गर्न र मापदण्ड बनाई कर छुट गर्न सकिने व्यवस्था गरेको छ ।

### २. भूमिकर (मालपोत):

ऐनको दफा ५६ अनुसार स्थानीय सरकारले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपभोगको आधारमा भूमिकर (मालपोत) लगाउन पाउने तर एकिकृत सम्पत्तिकर लगाएको अवस्थामा भूमिकर (मालपोत)लगाउन नपाउने व्यवस्था गरेको छ ।

### ३. घरजग्गा वहालकरः

ऐनको दफा ५७ अनुसार स्थानीय सरकारको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा नगरपालिकाले त्यस्तो वहाल रकममा वहालकर लगाउन सक्ने व्यवस्था गरेको छ ।

### ४. व्यवसायकरः

ऐनको दफा ५८ अनुसार स्थानीय सरकारको क्षेत्रभित्र कुनै व्यापार व्यवसाय वा सेवामा पूंजिगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसायकर लगाउन पाउने व्यवस्था गरेको छ ।

### ५. जडिवुटी, कवाडी र जीवजन्तुकरः

ऐनको दफा ६१ अनुसार स्थानीय सरकारको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिवुटी, वनकस (खर) कवाडीमाल प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु वाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सिंङ, प्वाख, छाला वा

यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरेवापत स्थानीय सरकारले जडिवुटि, कवाडी र जीवजन्तुकर लगाउन पाउने व्यवस्था गरेको छ ।

यसका अतिरिक्त दफा ६४ अनुसार प्रदेश र स्थानीय तहवीचको दोहोरो अधिकार सूची अन्तर्गत उपदफा १ (क) अनुसारको साना सवारी जस्तै टांगा, रिक्सा, अटोरिक्सा र इ रिक्साको सवारीसाधनकर, उपदफा १(ग) अनुसारको बिज्ञापनकर, उपदफा १ (घ) अनुसारको मनोरञ्जन कर र उपदफा १ (च) अनुसारका ढुंगा गिटी, स्लेट, वालुवा, चुनढुंगा, अभ्रख, दहत्तर वहत्तर जस्ता प्राकृतिक श्रोतकर जस्ता कर राजस्वलाई स्थानीय सरकारको प्रमुख राजस्व आधारको रुपमा व्यवस्था गरिएको छ ।

### ख) गैरकर राजस्व तर्फः

यसै गरी स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय सरकारको लागि गैरकर राजस्व क्षेत्र अन्तर्गत सेवाशुल्क, दस्तुर, महसुल र दण्ड जरिवाना जस्ता बिभिन्न राजस्व आधारको व्यवस्था गरेको छ । ऐनको दफा ५९ अनुसार आफ्नो क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा संचालन गरेका हाटबजार, पसल वा सरकारी जग्गामा बनेको संरचनाको उपयोग वापत वहाल बिटौरी शुल्क, दफा ६० अनुसार आफ्नो क्षैंत्रभित्र कुनै पार्किङ सेवा उपलव्ध गराएवापत पार्किङ शुल्क, दफा ६२ बमोजिम पालिकाहरुले आफ्नो क्षेत्रभित्र संचालन वा उपलव्ध गराएका बिभिन्न सेवाहरुमा सेवाशुल्क, नक्सापास दस्तुर लगायत बिभिन्न प्रशासनिक सेवा उपलव्ध गराएवापत शुल्क तथा दस्तुर र कानूनको उलंघनमा दण्ड जरिवाना गरी गैरकर राजस्व संकलन गर्न सक्ने व्यवस्था गरेको छ ।

यसका अतिरिक्त दफा ६४ अनुसार प्रदेश र स्थानीय तहवीचको दोहोरो अधिकार सूची अन्तर्गत उपदफा १ (ख) अनुसारको घरजग्गा रजिष्ट्रेशन शुल्क, उपदफा १ (ङ) अनुसारको पर्यटन शुल्क जस्ता गैरकरराजस्वलाई स्थानीय सरकारको राजस्व आधारको रुपमा व्यवस्था गरिएको छ ।

### १. कर, दस्तुर, शुल्क, महसुल आदिमा उन्मुक्ति :

ऐनको दफा ६३ अनुसार स्थानीय सरकारले प्रचलित कानून बमोजिम कुटनैतिक नियोग वा कुटनितिज्ञलाई कर नलाग्ने बिषयमा कर लगाउन नसक्ने व्यवस्था गरेको छ । यसै गरी वैदेशिक ऋण वा संहायताबाट संचालित परियोजनाका लागि नेपाल सरकार, प्रदेश सरकार, विश्वविद्यालय, सरकारी अस्पताल, सरकारी स्वामित्वका प्रतिष्ठान र विकास समितिबाट विदेशबाट पैठारी भएका मालसामान, गाउँ वा नगरले तोकेको अवधिभित्र सामुहिक आवास वा संयुक्त आवास अन्तर्गत निर्माण भएका आवास, बिक्रि नभइ वांकी रहेको स्टक र गाउँ वा नगरपालिकाको स्विकृतिमा निर्माण भएको सामुहिक वा संयुक्त आवासको सामुहिक उपभोगमा रहने वेसमेन्ट, पार्किङ र वगैचा जस्ता सम्पत्तिमा कर नलाग्ने व्यवस्था गरिएको छ ।

### २. ऋण लिन सक्ने

ऐनको दफा ६८ अनुसार स्थानीय सरकारले राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोगको सिफारिसको सिमाभित्र रही सम्वन्धित सभाबाट स्वीकृत गराई उत्पादनशील, रोजगारमूलक, आन्तरिक आय वृद्धि तथा पूजीगत कामका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था गरेको छ भने यस्तो ऋण वढिमा २५ बर्षको लागि हुने व्यवस्था छ ।

## २.३.२ कर दर निर्धारण सम्बन्धी अधिकारः

प्रचलित नेपालको संविधान २०७२ को अनुसूची ८ को अनुक्रम ४ मा उल्लेखित स्थानीय सरकारको एकल अधिकार अन्तर्गत प्राप्त बित्तीय अधिकार अन्तर्गत स्थानी सरकाले स्थानीय व्यवस्थापिका अर्थात सभासमक्ष आर्थिक बिधयकको पेश गरी कर तथा गैरकर राजस्वका दर निर्धारण गर्ने अधिकारको कानूनी व्यवस्था गरेको छ तर यो अधिकार प्रयोग गर्दा संघीय तथा प्रदेश कानूनसँग वाझिन नहुने व्यवस्था समेत गरेको छ ।

## २.३.३ करयोग्य सम्पत्ति, आय र वस्तु वा सेवाको मूल्यांकन आधार निर्धारण सम्बन्धी अधिकारः

नेपालको संविधानको अनुसूची ८ को अनुक्रम ४ मा उल्लेखित स्थानीय सरकारको एकल अधिकार अन्तर्गत प्राप्त बित्तीय अधिकार अन्तर्गत करयोग्य सम्पत्ति, आय र वस्तु वा सेवाको मूल्यांकनका आधार लागि प्रचलित स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय सरकाले स्थानीय व्यवस्थापिका अर्थात सभासमक्ष आर्थिक बिधयक पेश गरी मूल्यांकनका आधार निर्धारण गर्ने अधिकारको कानूनी व्यवस्था गरेको छ तर यो अधिकार प्रयोग गर्दा संघीय तथा प्रदेश कानूनसँग बाझिन नहुने व्यवस्था समेत गरेको  छ।

## २.३.४ करको दायरा निर्धारण सम्बन्धी अधिकारः

प्रचलित नेपालको संविधान २०७२ को अनुसूची ८ को अनुक्रम ४ मा उल्लेखित स्थानीय सरकारको एकल अधिकार अन्तर्गतका राजस्व अधिकार प्रयोग गर्दा दायरा निर्धारणका आवश्यक व्यवस्थापकीय कार्य गर्ने अधिकारका लागि राजस्व अनुमान र लक्ष्य निर्धारण सहितको आर्थिक बिधयक सभासमक्ष पेश गर्नु पर्ने कानूनी व्यवस्था गरेको छ।

## २.३.५ कर संकलनका विधि र प्रविधि निर्धारण सम्बन्धी अधिकारः


प्रचलित नेपालको संविधानको अनुसूची ८ को अनुक्रम ४ मा उल्लेखित स्थानीय सरकारको एकल अधिकार अन्तर्गतका राजस्व अधिकार र स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार कर तथा गैरकर राजस्व संकलन कार्यलाई प्रभावकारी बनाउन प्रशासनिक तथा व्यवस्थापकीय बिधि तथा प्रविधिहरुको अवलम्वन गर्न नगरपालिकाहरु स्वतन्त्र रहेको अवस्था छ। स्थानीय परिवेस, करदताको कर तिर्न सक्ने क्षमता र कर तिर्ने इच्छाको अनुपातको बिवेचना सहित करदातालाई सरल र सहज सेवा उपलब्ध गराउन स्थानीय सरकारहरु स्वतन्त्र रुपमा निर्णय गर्न सक्ने हैसियतमा रहेको छ।

# परिच्छेद तीन

# देवचुली नगरपालिकाको परिचय र राजश्व परिचालनको वर्तमान अवस्था

## ३.१ पृष्ठभूमि

देवचुली नगरपालिकालाई भाद्र २९,२०७५ मा गण्डकी प्रदेशको प्रथम र नेपालको दोस्रो बालमैत्री नगरपालिका घोषणा भएको छ । नेपालको राजधानी शहर काठमाण्डौंबाट करिव १५० कि.मी.को दुरीमा देशकै मध्य भागमा अवस्थित नवलपरासी जिल्लाको नवलपुर क्षेत्रमारहेकोछ । साकिका दिव्यपुरी, देवचुली र प्रगतिनगर गा.वि.स.लाईसमावेश गरी नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७१ वैशाख २५ को निर्णयानुसार घोषित नगरपालिका मिति २०७३ फागुन २७ को नेपाल सरकारको निर्णयबाट साविक रजहर गा.वि.स. समावेश भई गठन भएको नगरपालिका हो । नेपालको गण्डकी प्रदेशमा पर्ने यो नगरपालिकाको कुल क्षेत्रफल ११२.७२ वर्ग कि.मी रहेको छ । यसको पूर्वमा गैंडाकोट नगरपालिका, पश्चिममा हुप्सेकोट गाँउपालिका र कावासोती नगरपालिका, उत्तरमा बुलिङटार गाँउपालिका र दक्षिणमा चितवन राष्ट्रिय निकुञ्ज पर्दछन् । पूर्वी सिमानाको रुपमा महेन्द्र राजमार्गमा रहेको झरही खोला पश्चिमी सिमानामा सोही राजमार्गको लोकाहा खोला, उत्तरमा १९३३.५ मिटर उचाईको देवचुली डाँडा र दक्षिणमा पवित्र नारायणी नदीको चार सिमाना भित्र पर्ने यो नगरपालिकाको दलदले बजार नवलपरासी जिल्लाको पहाडी क्षेत्रको मुख्य प्रवेशद्वार हो । क्षेत्री, ब्राह्मण, मगर, तामाङ, नेवार आदि जाजजातिको बसोबास रहेको यो नगरपालिकामा हाल ८८४० घरधुरी र ४७३६८ जनसंख्या रहेको छ । जसमध्ये २३४९२ महिला र २३९६३ पुरुष रहेका छन् भने बालबालिकाको संख्या करिव १६००० छ ।




यस नगरपालिकाको साविकको प्रगतिनगर गा.वि.स.मा नेपालमै पहिलो बालक्लव "जागृति बालक्लव नेपाल" दर्ता भएको हो । हाल समुदाय र विद्यालय स्तरमा करिव ९५ वटा बालक्लवहरु रहेका छन् । यस नगरपालिकामा पर्ने साविकको प्रगतिनगर गा.वि.स. मिति २०६४ वैशाख २८ गते घोषित नेपालकै पहिलो खुला दिसामुक्त गा.वि.स. हो भने मिति २०७० पुष ९ गते नै पहिलो बालमैत्री गा.वि.स. घोषणा भएको हो । पूर्ण साक्षर, पूर्ण खोप घोषित यस नगरपालिकाका २६ वटा टोलहरु वातावरणमैत्री टोल घोषणा भईसकेको छन् ।

ऐतिहासिक, धार्मिक एवम् पर्यटकीय महत्व बोकेको देवचुली डाँडा, होमस्टेको प्रचुर सम्भावना बोकेको र मगर समुदायको बसोबास रहेको कुमसोत, किर्तिपुर र बन्दीपुर जस्ता बस्तीहरु लगायत संचालनमा आएको पिप्रहर होमस्टे र नारायणी नदी किनारमा रहेको होटल, रिसोर्ट तथा मध्यवर्ती सामुदायिक वनहरुले यस नगरपालिकाको पर्यटकीय विकासमा सम्भावनालाई समेटेको छन् ।

यहाँका समथर खेतीयोग्य जमिन तथा तरकारी उत्पादनका पकेट क्षेत्रहरुले कृषि तथा अर्गानिक खेतीको सम्भावना रहेको नगरपालिकाको पहाडी बस्तीहरुमा पशुपालन एवम् मौरी पालनको उत्तिकै बढी सम्भावना छ । नेपालकै ठुलो औद्योगिक धराना मध्येको एक चौधरी ग्रुपको सि.जी. इन्डष्ट्रिज पार्क लगायत, ईट्टा उद्योग, क्रसर उद्योग र अन्य स्थापना हुँदै गरेका उद्योगहरुले औद्योगिक संस्कार एवम् रोजगारीका सम्भावनाहरु उजागर हुँदै छन् ।

देवचुली सेन्टरप्लट, धारापानी, पृथ्वीनगर, जनज्योति, दिव्यपुरी, रजहर, फारम लगायतका खेलमैदान र घुमाउरी पिक्नीक स्पर्ट एण्ड पार्क, नागपोखरी बालउद्यान, सकला बालउद्यान लगायतका सालघारी, कदमपुर, शान्तीगैरा सिमसार

पोखरीहरुले खेलकुद र मनोरञ्जनका थुप्रै सम्भावना बोकेका छन् । शाश्वतधाम, कालिका मन्दिर, पशुपति मन्दिर, बराजु थान, तीनकन्या माई , एकादशी मेला लाग्ने नारायणी तटकै मैदान लगायतका धार्मिक स्थलहरु धार्मिक पर्यटनका लागि महत्वपूर्ण छन् ।

## ३.२ प्रशासनिक र राजनीतिक विभाजन तथा जनसंख्या

कुल १७ वटा वडामा विभाजित देवचुली नगरपालिकासाविकका दिव्यपुरी, देवचुली र प्रगतिनगर गा.वि.स.लाई समावेश गरी गठन गरिएको नगरपालिका हो । वडाको प्रशासनिक विभाजनलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २: प्रशासनिक र राजनीतिक विभाजन तथा जनसंख्या**

| हाल कायम भएका वडा | साविकका वडा | जनसंख्या २०७६ घरधुरी सर्वेक्षण | | |
|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला |
| वडा नं. १ | दिव्यपुरी १, २ र ३ | ३०६७ | १४४६ | १६२१ |
| वडा नं. २ | दिव्यपुरी ७ | १९६३ | ९५३ | १०१० |
| वडा नं. ३ | दिव्यपुरी ४ र ५ | १४८५ | ७२८ | ७५७ |
| वडा नं. ४ | दिव्यपुरी ५ | २९१५ | १३८० | १५३५ |
| वडा नं. ५ | दिव्यपुरी ८ र ९ | २२९३ | १०८३ | १२१० |
| वडा नं. ६ | देवचुली २, ३, ४ र ५ | १६७८ | ७५९ | ९१९ |
| वडा नं. ७ | देवचुली ६ र ८ | २१३३ | ९८२ | ११५१ |
| वडा नं. ८ | देवचुली ७ र ९ | १३९० | ६३९ | ७५१ |
| वडा नं. ९ | देवचुली १ | ३२१६ | १४७५ | १७४१ |
| वडा नं. १० | प्रगतिनगर ४ र ६ | ३१९६ | १४२० | १७२२ |
| वडा नं. ११ | प्रगतिनगर ८ र ९ | ३२४२ | १५२० | १७२२ |
| वडा नं. १२ | प्रगतिनगर ७ | २४८२ | ११७३ | १३०९ |
| वडा नं. १३ | प्रगतिनगर १ | २८३३ | १४०८ | १४२५ |
| वडा नं. १४ | प्रगतिनगर २ र ५ | ३१९० | १२५३ | १७३७ |
| वडा नं. १५ | प्रगतिनगर ३ | ३२६० | १५१३ | १७४७ |
| वडा नं. १६ | रजहर १, ७, ९ | ४९९८ | २२८६ | २७१२ |
| वडा नं. १७ | रजहर २, ३, ४, ५, ६ र ८ | ६२९६ | २९३७ | ३३५९ |
| **जम्मा** | | **४९६३७** | **२२९५५** | **२६४२८** |

*स्रोत : देवचुली नगरपालिका पार्श्व चित्र, २०७६*

देवचुली नगरपालिका भित्रमा जम्मा १७ वटा वडा कार्यालयहरु रहेका छन् । नगरपालिका भित्रमा गरिएको घरधुरी सर्वेक्षण २०७६ बमोजिम यहाको कुल जनसंख्या ४९६७३ जना रहेकोमा पुरुषको संख्या २२९५५ र महिलाको संख्या २६४२८ रहेको छ। सबैभन्दा बढि जनसंख्या वडा नं. १७ मा ६२९६ जना रहेको छ भने सबैभन्दा कम जनसंख्या वडा नं. ८ मा १३९० जना रहेको छ।

नगरपालिकामा जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै १६,०६३ ब्राह्मण पहाडी, दोस्रोमा १२,८६१ मगर, तेस्रोमा क्षेत्री ४६६३, चौथो र पाँचौमा क्रमश दलित ३४३९ र थारु ३३३३ रहेका छन । त्यसैगरी कूल ४९,६३७ जनसंख्यामध्ये ९१.४ प्रतिशत जनसंख्याले हिन्दू धर्म बौद्ध धर्म मान्ने ४.४ प्रतिशत र क्रिस्चियन धर्म मान्ने ३.६ प्रतिशत रहेको छ। ईस्लाम, किँरात तथा अन्य धर्म मान्ने धर्मावलम्बीहरू नगण्य संख्यामा रहेका छन्। त्यसैगरी नगरपालिकामा नेपाली भाषा बोल्नेहरू ८०.० प्रतिशत, मगर भाषा बोल्ने १०.७ प्रतिशत भने थारु भाषा बोल्ने ४.८ प्रतिशत रहेका छन। नगरपालिकामा नेपाली, मगर र थारु बाहेक नेवार, तामाङ, गुरुङ लगायतका भाषा बोल्नेहरूको संख्या तुलनात्मक रुपमा न्यून रहेको देखिन्छ। त्यसैगरी राष्ट्रिय जनगणना २०७८ को प्ररम्भीक नतिजाको आधारमा यस नगरपालिकाको कुल जनसंख्या ५९४०० जसमध्ये पुरुष २८१३३ र ३१२६७ महिला हरेका छन् भने परिवार संख्या १४८३६ घर संख्या १३१२७ रहेको छ।

## ३.३ भौगोलिक विवरण

देवचुली नगरपालिकाको भू-उपयोगको अवस्था हेर्दा सबैभन्दा बढी अर्थात् ४४.४ प्रतिशत भू-भाग वन क्षेत्रले ओगटेको छ। कूल क्षेत्रको ३०.६ प्रतिशत खेतोयोग्य जमिन रहेकोमा आवास क्षेत्रले ५.१ प्रतिशत आवास क्षेत्रका लागि उपयोग भएको छ। नगरपालिकाको समग्र भू उपयोग योजना तालिका २ मा प्रस्तुत गरिएको छ।

**तालिका ३: भौगालिक विवरण**

| विवरण | क्षेत्रफल (वर्ग किमि) | प्रतिशत |
|---|---|---|
| आवास | ५.७७ | ५.१ |
| झाडी | २०.१२ | १७.८ |
| भिरपाखा | ०.५८ | ०.५ |
| खेतीयोग्य जमिन | ३४.५० | ३०.६ |
| वन | ५०.०० | ४४.४ |
| वालुवा | १.६ | १.४ |
| नदीनाला | ०.१२ | ०.१ |
| कुल क्षेत्रफल | ११२.७२ | १०० |

*स्रोत : देवचुली नगर कार्यपालिकाको कार्यालय, २०७८*

## ३.४ भाषा धर्म तथा जाती

देवचुली नगरपालिकामा सबैभन्दा बढि बोलिने भाषा नेपाली हो भने दोस्रो तथा तेस्रो भाषा क्रमस मगर र थारु भषाहरु हुन्, त्यसैगरी यस नगरपालिकामा सबैभन्दा बढि ९१.४० प्रतिशत जनताले हिन्दु धर्म मान्दछन् भने बौद्ध र क्रिश्चियन धर्म क्रमश दोस्रो र तेस्रो भाषाहरु हुन् । यस नगरपालिकामा ब्राम्हण, मगर, क्षेत्री, बि.क., थारु, नेवार, माझी आदि जातिहरुको बसोवास रहेको छ।

**तालिका ४: भाषा धर्म तथा जाती विवरण**

| भाषा | प्रतिशत | धर्म | प्रतिशत | प्रमुख जाती | प्रतिशत |
|---|---|---|---|---|---|
| नेपाली | ८०.०० | हिन्दु | ९१.४० | ब्राम्हण | ३३.६९ |
| मगर | १०.७० | बौद्ध | ४.४४ | मगर | २५.९१ |
| थारु | ४.८० | क्रिश्चियन | ३.६० | क्षेत्री | ९.३९ |
| नेवारी | १.१० | ईश्लाम | ०.५० | बि.क. | ६.९३ |
| गुरुङ | ०.७० | किराँत | ०.०१ | थारु | ६.७१ |
| तामाङ | ०.७० | अन्य | ०.१० | नेवार | ३.०८ |
| अन्य | २.०० | | | माझी | ०.५६ |

*स्रोत : देवचुली नगरपालिका प्रोफाईल २०७६*

## ३.५ हाल मौजुदा रहेका शाखा सम्बन्धी विवरण

शिक्षा, स्वास्थ्य, पशुसेवा, कृषि, पशुसेवा, सहकारी तथा महिला बालबालिका शाखा गरी सात वटा विषयगत शाखा रहेको यस नगरपालिकामा देहाय अनुसारको प्रशासनिक संरचना रहेको छ :

१. सामान्य प्रशासन शाखा

- स्थानीय सेवा तथा जनशक्ति विकास उपशाखा
- सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन उपशाखा
- स्थानीय तह, प्रदेश र संघसँगको सम्वन्ध र समन्वय तथा वडासँगको समन्वय उपशाखा
- पालिका प्रहरी व्यवस्थापन
- न्यायीक समितिहरुको सचिवालय, न्याय, कानुन, मानव अधिकार प्रवर्धन तथा मेलमिलाप र मध्यस्थता निर्णय तथा फैसला कार्यान्वयन
- सूचना तथा सञ्चार प्रविधि विस्तार तथा एफ् एम् संचालन
- बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभाक्ता हित संरक्षण
- बैठक तथा विधायन
- आन्तरीक लेखा परिक्षण
- विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी, विभुषण आदि इकाई

२. राजश्व तथा आर्थिक प्रशासन शाखा

- राजश्व नीति तथा प्रशासन उपशाखा
- आर्थिक प्रशासन उपशाखा

३. शहरी पूर्वाधार विकास तथा भवन नियमन शाखा

- सडक तथा यातायात व्यवस्था उपशाखा
- भवन तथा भवन संहिता एवं निर्माण इजाजत उपशाखा
- जग्गा नापी तथा नक्सा, घरजग्गा धनिपुर्जा भ-उपयोग तथा वस्ती विकास उपशाखा
- जलविद्युत, उर्जा, सडक वत्ती र सिंचाई उपशाखा
- वातावरण पर्यावरण एवं जलाधार क्षेत्र संरक्षण तथा फोहोरमैला व्यवस्थापन उपशाखा

- विपत व्यवस्थापन तथ वारुणयन्त्र, एम्वुलेन्स व्यवस्थापन उपशाखा
- सार्वजनिक निजी साझेदारी इकाई

४. आर्थिक विकास शाखा

- कृषि, पशुपन्छी तथा सहकारी
- बन भु-संरक्षण वन्यजन्तु, जलाधार, जडिबुटी तथा जैविक विभिधता उपशाखा
- उद्योग तथा उद्यमशीलता विकास, खानी तथा खनिज पदार्थको संरक्षण उपशाखा
- रोजगार प्रवर्द्धन र गरिवी न्यूनीकरण उपशाखा

५. सामाजिक विकास शाखा

- आधारभूत तथा माध्यमिक शिक्षा
- खेलकुद तथा अतिरिक्त क्रियाकलाप
- आधारभूत स्वास्थ्य तथा सरसफाई
- खानेपानी व्यवस्थापन उपशाखा
- लैंगिक समानता तथा सामाजिक सुरक्षा उपशाखा
- गैरसरकारी संस्थापरिचालन, समन्वय तथा नियमन उपशाखा
- सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता उपशाखा
- संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रबर्द्धन उपशाखा

६. योजना, अनुगमन तथा तथ्यांक शाखा

- योजना तर्जुमा, कार्ययोजना तयारी, उपभोक्ता समिति परिचालन
- अनुगमन तथा मूल्यांकन उपशाखा
- तथ्यांक व्यवस्थापन उपशाखा

नगरपालिकाले माथि उल्लेखित विषयक्षेत्र समेट्ने गरी आफ्नो आवस्यकता र प्राथमिकता अनुरुप कार्यालय शाखा, उपशाखा वा ईकाइ सहितको प्रशासनिक ढाचा स्विकृत गरी लागु गर्न सक्नेछ।

## ३.६ नगरपालिकाको मौजुदा कर्मचारी दरवन्दी र पदपूर्तिको अवस्था

नगरपालिकामा संघ प्रदेश र स्थानिय तहद्धारा जम्मा ७२ जना कर्मचरी दरवन्दी स्विकृत भएकोमा हाल ५० जना मात्र कर्मचारी कार्यारत रहेका छन् भने दरवन्दी अनुसार नगरपालिकामा २२ जना कर्मचारी अपुग रहेको देखिन्छ साथै ५ जना कार्यालय सहयोगी कर्मचारी रहेका छन्। त्यसैगरी करारमा विभिन्न कार्यक्रम तर्फ ११ जना, नगरपालिका तर्फ सेवा करारमा २५ जना, कोरोना आस्पताल तर्फ सेवा करारमा ४ जना, आधारभुत स्वास्थ्य केन्द्र तर्फ ३० जना र मातृ तथा नवजात शिशु कार्यक्रम तर्फ २ जना कर्मचारी कार्यारत रहेका छन्।

## तालिका ५: कर्मचारी दरवन्दी र पदपूर्तिको अवस्था सम्बन्धी विवरण

| पद | तह/ श्रेणी | सेवा | समुह | समायोजन भएको | | | दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय | | | |
| प्रमुख प्रशासकीय अधिकृत | ज्ञण | प्रशासन | सा.प्र. | ✓ | | | १ | १ | ० |
| अधिकत | ज्ञण | शिक्षा | शि.प्र. | | | ✓ | १ | १ | ० |
| सि.डि.ई. | ढरज्ञण | ईन्जि | सिभिल | | | | १ | ० | १ |
| अधिकृत | ड | प्रशासन | सा.प्र. | | | ✓ | १ | १ | ० |
| अधिकृत | ड | नेपाल कृषि | ला.पो.डे.डे | | | ✓ | १ | १ | ० |
| लेखाअधिकृत | ठ | प्रशासन | लेखा | ✓ | | | १ | १ | ० |
| जनस्वास्थ्य अधिकृत | ठ | स्वास्थ्य | ज.स्वा. | | | ✓ | १ | १ | ० |
| अधिकृत | ठरड | शिक्षा | शि.प्र. | | | ✓ | १ | १ | ० |
| कृषि अधिकृत | ठरड | नेपाल कृषि | | | | | १ | ० | १ |
| अधिकृत | ड | प्रशासन | सा.प्र. | | | ✓ | १ | १ | ० |
| इन्जिनियर | ठ | ईन्जि | सिभिल | | | ✓ | १ | १ | ० |
| अधिकृत | ठ | प्रशासन | सा.प्र. | | | ✓ | १ | १ | ० |
| अधिकृत | ठ | प्रशासन | सा.प्र. | | | ✓ | १ | १ | ० |
| सि.अ.हे.व. अधिकृत | ट | स्वास्थ्य | हे.ई. | | | ✓ | १ | १ | ० |
| सि. अ.न.मी. | ट | स्वास्थ्य | क.न. | | | ✓ | १ | १ | ० |
| महिला विकास निरीक्षक | छ | विविध | | | | ✓ | १ | १ | ० |
| आ.ले.प.अधिकृत | ट | प्रशासन | लेखा | | | | १ | ० | १ |
| अधिकृत | ट | नेपाल कृषि | भेटेरिनरी | | | ✓ | १ | १ | ० |
| अधिकृत | ट | नेपाल कृषि | ला.पो.डे.डे | | | ✓ | १ | १ | ० |
| सहायक | छ | प्रशासन | सा.प्र. | | | ✓ | १२ | १० | २ |
| सब - इन्जिनियर | छ | ईन्जि | सिभिल | | | ✓ | १० | ४ | ६ |
| सहायक महिला विकास निरीक्षक | द्घ | विविध | | | | ✓ | १ | १ | ० |
| प्रा.स. | छ | शिक्षा | शि.प्र. | | | ✓ | १ | १ | ० |
| लेखापाल | छ | प्रशासन | लेखा | | | ✓ | १ | १ | ० |
| प्राविधिक सहायक | छ | नेपाल कृषि | कृषि प्रसार | | | ✓ | १ | १ | ० |
| प्राविधिक सहायक | छरट | नेपाल कृषि | | | | | १ | ० | १ |
| सहायक | द्घ | प्रशासन | विविध | | | ✓ | १ | १ | ० |
| अमिन | छ | ईन्जि | सर्भे | | | ✓ | १ | १ | ० |
| सह लेखापाल | द्घ | प्रशासन | लेखा | | | ✓ | १ | १ | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ना. प्राविधिक सहायक | द्ध | नेपाल कृषि | | | | | १ | ० | १ |
| सहायक | द्ध | नेपाल कृषि | भेटेरिनरी | | | ✓ | १ | १ | ० |
| सहायक | द्ध | नेपाल कृषि | ला.पो.डे.डे | | | | १ | ० | १ |
| सहायक | द्ध | प्रशासन | सा.प्र. | | | ✓ | ११ | ७ | ४ |
| अ.सव ईन्जिनियर | द्ध | ईन्जि | सिभिल | | | ✓ | ९ | ५ | ४ |
| जम्मा | | | | | | | **७२** | **५०** | **२२** |
| कार्यालय सहयोगी | | | | | | ✓ | ५ | ५ | ० |

*स्रोत : देवचुली नगरपालिका, २०७८*

**राजस्व प्रशासन**

नगरपालिकाले राजस्व असुली परम्परागत ढंगबाट नै भइरहेको अवस्था छ। मालपोत लगायतका कतिपय शिर्षकहरु जस्तो निवेदन दस्तुर, सिफारिस, पञ्जीकरण दस्तुर, लगायतका शिर्षकमा असुल हुने राजस्व वडा कार्यालयबाटै संकलन गर्ने व्यवस्था रहेको छ।

राजस्व परिचालनलाई चुस्त र प्रभावकारी बनाउन नगरपालिकाले राजस्व शाखालाई मौजुदा अवस्था भन्दा थप व्यवस्थित वनाउन आवश्यक छ।

## ३.७ राजश्व परिचालन सम्बन्धी नीतिहरु

यस नगरपालिकाले राजस्व परिचालनका सम्बन्धमा छुट्टै नीति तथा कार्यक्रम तयार गरेको छ। राजस्व परिचालनका लागि यस नगरपालिकाले हालसम्म निम्नबमोजिमका कार्यहरु अगाडी बढाएको छ :

### ३.७.१ राजस्व परामर्श समिति

नगरपालिकामा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ बमोजिम राजस्व परामर्श समिति गठन भएको अवस्था छ।

### ३.७.२ राजस्व सम्बन्धी नीतिगत निणर्यहरु

- महालेखापरीक्षकको कार्यालयवाट निर्मित सुत्रमा आधारित लेखा प्रणालीलाई अवलम्बन गरिनेछ।
- कर तथा शुल्क दस्तुरको नयाँ क्षेत्र समेत पिहचान गरी करको दायरा फराकिलो वनाईने छ।
- संचित कोषमा संकिलत राजस्वलाई आवश्यकता तथा औचित्यताको आधारमा पुर्ण मितव्ययीता अपनाई नगरवासीको उच्चतम हितमा प्रयोग गरिनेछ।
- राजस्व संकलन तथा करदाताको अभिलेखलाई व्यवस्थित वनाईनेछ।
- "मैले तिर्ने कर नगर विकासकालागि" भन्ने आम करदातालाई महसुस हुने गरी सेवा प्रवाह गरिने छ। करको दायरामा नआएका करदातालाई करको दायरामा ल्याउन अभियान सञ्चालन गरिनेछ।
- नगरपालिकाले वैज्ञानिक कर प्रणालीलाई अंगीकार गर्दै सम्पत्ति कर लागू गरिनेछ।
- करदातालाई कर तिर्न प्रोत्साहित गर्न निश्चित समयमा आवश्क छुट तथा सवैभन्दा वढीकर तिर्ने करदातालाई सम्मान गरिनेछ।
- राजस्व संकलनका लागि कर शिक्षा एवं संकलन कार्यक्रम मार्फत करमैत्री वातावरणको व्यबस्था मिलाइनेछ।

- स्थानीय कर आधार संरक्षण गरी करको दर र दायरा विस्तार गर्ने स्थानीय संरचना अनुकूल कर तथा गैर करका क्षेत्रहरुको पुनरावलोकन गर्ने ।
- नगरपालिकाले प्रवाह गर्ने सेवासँग करको आवद्धता गर्ने गरी सम्पत्ति कर, वहालकर, व्यवसाय कर र विज्ञापन करलाई एकीकृत रुपमा आवद्ध गरिनेछ । करको दायरालाई बिस्तार गर्ने नीति अनुरुप आ.व २०७५र७६ लाई देवचुलीनगर कर अभियान वर्षका रुपमा मनाईने छ ।

## ३.७.३ आर्थिक प्रशासन तथा राजस्व परिचालन नीति

- आगामी आ.व.२०७९।०८० देखि सम्पत्ति कर प्रणाली लागु गर्न यस आ.व. भित्र सम्पति कर विज्ञ व्यक्तिहरु सम्मिलित एक कार्यदल गठन गरी सो कार्यदलले दिएको प्रतिवेदनका आधारमा कर प्रणालीलाई बैज्ञानिक र समयानुकुल बनाउँदै यसलाई नगरपालिकाको मुख्य कराधारको रुपमा विकास गरिनेछ ।
- नगरपालिकाको आन्तरिक आय वृद्धिको लागि राजस्व सम्भाव्यताको अध्ययन गरी सोको आधारमा करको दायरा विस्तार गर्दै नगरपालिकाको आन्तरिक क्षमता अभिवृद्धि गरिनेछ ।

यसका अतिरिक्त नगरपालिकाले आगामी दिनमा राजस्व परिचालन सम्बन्धी नीत तर्जुमा गर्दा देहायका विषयहरुलाई पनि ध्यान दिनुपर्ने देखिन्छ ।

- नगरपालिकाको संगठनसंरचनामा राजस्व शाखा रहने गरी राजस्व शाखालाई आवश्यक कर्मचारी र भौतिक सुविधा सहित कार्यकक्षको व्यवस्था गरि सुदृढ गर्ने ।
- आवश्यक पर्ने नियम, उपनियम, कार्यविधि, निर्देशिका, उप-नियम, विनियम निर्माण गरि कार्यपालिका वाट पारित गराई लागु गर्ने ।
- नगरपालिका अन्तर्गतका ऐलानी पर्ती जग्गाहरुको पहिचान गरी नगरपालिकाको अधिनमा रहने प्रवन्ध मिलाउन र सो पहिचान गरिएका ऐलानी पर्ती जग्गावाट आय आर्जन गर्ने व्यवस्था मिलाउने ।
- ऐलानी पर्ती जग्गा ओगटी बसोवास गरी वसेका व्यक्तिहरुले भोग गरेको जग्गाको एकिन गरी करको दायरा भित्र ल्याउने व्यवस्था गर्ने ।
- यस न.पा.अन्तर्गतको प्राकृतिक सम्पदाको संरक्षण र विकास गर्ने प्रवन्ध मिलाई नगरपालिकाको अधिनमा रहने प्रवन्ध मिलाउनुका साथै त्यस्ता सम्पदाहरुवाट नगरपालिकाको आय आर्जन हुने व्यवस्था गर्न करको दायरा भित्र ल्याउने ।
- मठमंदिरको नाउमा रहेको गुठी जग्गाको एकिन गरी त्यसवाट प्राप्त हुने आय श्रोतको उचित प्रवन्ध गर्ने र चुहावट हुनवाट रोकी त्यस्ता क्षेत्रहरुको पर्यटन प्रवर्द्धनको व्यवस्था गर्ने ।
- उद्योगवाट निष्कासन हुने दुषित पानी तथा धुवाबाट वातावरण र पर्यायवरण लाई नकारात्मक असर गरिरहेको हुदाँ त्यसको उचित प्रवन्ध गर्न निर्देशन गर्ने र उद्योगले स्थानिय तहलाई बुझाउनु पर्ने तोकिएको कर दस्तुर यथाशिघ्र बुझाउन निर्देशन गर्ने ।
- राजस्व वृद्धिका लागी विभिन्न क्षेत्रका सरोकारवालाहरुसँग आवश्यक समन्वयको प्रवन्ध मिलाउने ।
- स्थानीय उद्योग वाणिज्य संघसँग सहकार्य र समन्वय गरी राजस्व वृद्धि गर्ने कार्यक्रम संचालन गर्ने ।
- उद्योग वाणिज्य संघ र व्यवसायीहरुसँग सहकार्य गरी व्यवसाय दर्ता गर्ने र व्यवसाय कर असुल गर्ने तथा अन्य सरोकारवालसँग छलफल एवं सहकार्य गरी कर सम्वन्धि आवश्यक कार्यविधि निर्माण गरी लागु गर्ने ।
- होर्डिङ्ग वोर्डलाई बिज्ञापन करको दायरमा ल्याइ कर असुल गर्नको लागी आवश्यक पहल गर्ने ।
- करदाता शिक्षा कार्यक्रम संचालन, विभिन्न कर दाताको एकिन तथ्यांक लिदाँ व्यवस्थापन अध्ययन गर्दै गरेका उच्च माध्यमीक तहका विधार्थीहरुलाई स्वंयसेवकको रुपमा सहभागि गराई प्रभावकारी रुपमा लागूगर्न सकिने ।
- राजस्व तथा कर दस्तुर असुल गर्नकोलागि वडाहरुमा घुम्ती सेवा चौमासिक/वार्षिक रुपमा संचालन गर्ने ।

## ३.८ नगरपालिकाको समग्र आय समीक्ष

देवचुली नगरपालिकाको समग्र आय अवस्थालाई हेर्दा आ.व.२०७८।०७९ को लागि आन्तरिक तथा वाह्य आय समेत गरी कूल ६२ करोड २७ लाख ७८ हजार अनुमान रहेको छ । जसमा आन्तरिक आय तर्फ ११ वटा बिभिन्न आय शिर्षकबाट रु.५ करोड १० लाख रहेको छ । उपरोक्त तथ्यांक अनुसार नगरपालिकाको कूल राजस्व मध्ये आन्तरिक आयको योगदान ८.१९ प्रतिसत रहेको अवस्था छ भने नगरपालिकाको कूल प्रशासनिक खर्च रु. १० करोड ५० लाख ७८ हजारको करिव ४८.५४ प्रतिसत धान्न सक्ने अवस्था देखिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिकालाई प्रदान गरेको राजस्व अधिकारका क्षेत्रहरुमध्ये नगरपालिकाले कर राजस्व तर्फ मालपोत तथा भूमिकर प्रति आना न्युनतम रु १२.५, व्यवसायकर न्युनतम ५०० देखि १ लाख सम्म, वहाल विटौरी ४०० देखि ५००० सम्म निर्धारण गरिएतापनि संकलन तर्फ भने मालपोत, सम्पती कर, घरवहाल कर र व्यवसाय कर मात्र संकलन गरिरहेको अवस्था छ । गैरकर राजस्व तर्फ सेवा शुल्क तथा दस्तुर लगायतका शिर्षकहरुमा मात्र राजस्व संकलन गरिरहेको देखिन्छ । राजस्व संकलन वडा तहबाट समेत हुने गरेको र अभिलेखहरु व्यवस्थित हुन नसक्दा के कुन शिर्षकबाट के कति राजस्व संकलन भइरहेको छ भन्ने एकिन गर्न सकिने अवस्था देखिदैन ।

### तालिका ६: नगरपालिकाको यथार्थ र अनुमानित आयको अवस्था

| आय शीर्षक | ०७६/७७ को यथार्थ | ०७७/७८ को यथार्थ | ०७८/७९ को प्रस्तावित आय |
|---|---|---|---|
| **कुल आन्तरिक राजश्व** | **५९९३७८५१७.११** | **७४४५१६११५.५२** | **६२७२३८०००** |
| **आन्तरिक श्रोत** | **५००७२५४८.१७** | **३५१६१८१८.८९** | **२५१०००००** |
| ११३१३ एकिकृत सम्पत्ति कर | १०४४४०५७.०३ | १०१०८८५३.२२ | ७२००००० |
| ११३१४ भुमिकर मालपोत | २६९३११.३१ | | |
| ११३१५ घर जग्गा रजिष्ट्रेशन दस्तुर | २०३०३५५३ | | |
| ११३२१ घरवहाल कर | २९२०९७८.५५ | ३७३८९०१.३३ | ३०००००० |
| ११३२२ वहाल विरौटि कर | ७९७२०३ | २१५८०५० | १५००००० |
| १४१५१ सरकारी सम्पत्तिको वाहालबाट प्राप्त आय | ३९५२१०.६५ | | |
| १४२१९ अन्य सेवा शुल्क तथा विक्री | | २८२७३६.८० | |
| १४२२९ अन्य प्रशासनिक सेवा सुल्क | १६३४०० | ३६३४४४ | ३००००० |
| १४२४१ पर्किङ शुल्क | ७३४८८२.६० | ५९२३३०.१५ | २००००० |
| १४२४२ नक्सापास दस्तुर | १८६४३९५.९५ | २९३७११०.२१ | २५००००० |
| १४२४३ सिफारिस दस्तुर | ५२६९३३१.५८ | ६८७६६६६.९५ | ५०००००० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ४६२१३८.५ | २९२५०० | ३००००० |
| १४२४९ अन्य दस्तुर | २६५०४५० | ४१५९७२०.८३ | २०००००० |
| १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | ४४७२६२ | | |
| १४५२९ अन्य राजश्व | | | १००००० |
| १४६११ व्यवसाय कर | ३३५०३७४ | ३६५१५०५.४० | ३०००००० |

| | | | |
|---|---|---|---|
| **राजश्व बाँडफाँडबाट प्राप्त रकम** | **९४१२७९६८.९४** | **१४४०६८२१५.६३** | **१२७११८०००** |
| **संघिय सरकारबाट प्राप्त** | **४३३५०३०००** | **५४३५८००८१** | **४४७७६८०००** |
| **१३३११ समानीकरण अनुदान** | १३७३००००० | १३५२००००० | १४४२००००० |
| **१३३१२ शर्शत अनुदान चालु** | २६६२०३००० | ३५९०८४७७९ | २५७६६८००० |
| **१३३१३ शर्शत अनुदान पुँजिगत** | | | ३०७०००००० |
| **१३३१४ विषेश अनुदान चालु** | १०००००००० | १०००००००० | |
| **१३३१५ विषेश अनुदान पुँजिगत** | | | ८३०००००० |
| **१३३१६ समपुरक अनुदान चालु** | २०००००००० | ३९२९५३०२ | |
| **१३३१७ समपुरक अनुदान पुँजिगत** | | | ६९००००० |
| **प्रदेश सरकारबाट प्राप्त** | **२१६७५०००** | **२१७०५०००** | **२७२५२०००** |
| **१३३११ समानीकरण अनुदान** | १२६००००० | १२४३८००० | १७२५२००० |
| **१३३१२ शर्शत अनुदान चालु** | १०००००० | ८३८८००० | |
| **१३३१३ शर्शत अनुदान पुँजिगत** | | | ४०००००० |
| **१३३१५ विषेश अनुदान पुँजिगत** | | | २०००००० |
| **१३३१६ समपुरक अनुदान चालु** | ८०७५००० | ८७९००० | |
| **१३३१७ समपुरक अनुदान पुँजिगत** | | | ४०००००० |

*स्रोत :देवचुली नगरपालिका, २०७८*

यस नगरपालिकामा आ.व २०७६।०७७ मा रु.५ करोड ७२ हजार ५ सय ४८ आन्तरिक आम्दानी भएको साथै राजश्व वाँडफाँड बाट रु.९ करोड ४१ लाख, संघिय र प्रदेश सरकारबाट रु.४५ करोड ५१ लाख प्राप्त गरेको थियो त्यसैगरि आ.व. २०७७।७८ मा पालिकाको आन्तरिक आय ३ करोड ५१ लाख ६१ हजार ८ सय १८, राजश्व वाँडफाँड बाट रु.१४ करोड ४० लाख ६८ हजार र संघ तथा प्रदेश सरकारबाट रु.५६ करोड ५२ लाख आम्दानी गरेको थियो भने आन्तरिक आयको गणनाको आधारमा अघिल्लो आ.व. को आन्तरिक आम्दानीको ७०.२२ प्रतिशत हो। चालु आ.व.२०७८।०७९ का लागि ११ वटा शिर्षकहरुमा रु.२ करोड ५१ लाख, राजश्व बाँडफाँड १२ करोड ७१ लाख १८ हजार, संघ तथा प्रदेश सरकारबाट रु.४७ करोड ५० लाख २० हजार आम्दानी प्रक्षेपण गरेकोमा अघिल्लो आ.व.को तुलनामा चालु आ.व. को आन्तरिक आय ७१.३८ प्रतिशत हो। नगरपालिकाले अध्ययन अवधि अर्थात चालु आ.व.को दोस्रो चौमासिक अवधिमा २ करोड २४ लाख ५० हजार आन्तरिक राजश्व संकलन गरेको छ। जुन कुल अनुमानित आयको ८९.४४ प्रतिशत हो। नगरपालिकाको आन्तरिक आयको तुलनात्मक अध्ययन गर्दा बाँडफाँड रकम र अनुदान रकममा वृद्धि हुदै गएको भएपनि आन्तरिक आय बार्षिक रुपमा घट्दै गएको देखिन्छ जसलाई सुधार गर्नका लागि आय संकलनका दायरा र करको दरमा समयानुकुल गरिवर्तन गरि उपर्युक्त नीति अवलम्वनका साथ पालिकाको आय वृद्धि गर्दै लैजानुपर्ने आवस्यकता देखिन्छ।

**नगरपालिकाले राजस्व प्रशासनसंग सम्बन्धित देहाय बमोजिमको कार्यहरू गर्नुपर्ने देखिन्छ :**

- नगरपालिकाको संगठन संरचनामा राजस्व शाखा गठन भइसकेको छ। कम्प्युटर अपरेटर मार्फत राजश्व सम्बन्धी कार्य सञ्चालन भएको छ। प्रयाप्त ठाउँ सहितको कोठाको व्यवस्थापन गरी आवश्यक दक्ष कर्मचारी र भौतिक सुविधा सहित कार्यकक्षको व्यवस्था गरि सुदृढ गर्ने।
- नगरपालिका क्षेत्र भित्र रहेका धार्मिक तथा ऐतिहासिक क्षेहरूमा आवश्यक पूर्वाधारको विकास गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गरी करको दायरामा ल्याउनु पर्ने।

- नगरपालिका अन्तर्गतका ऐलानी पर्ती जग्गाहरूको पहिचान गरी नगरपालिकाको अधिनमा रहने प्रवन्ध मिलाइ ती जग्गाहरूलाई विभिन्न ढङ्गले उपयोग गरी आयआर्जन गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- नगरपालिका क्षेत्रमा रहेका पर्यटकीय सम्भावना भएका क्षेत्रलाई पहिचान गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नका लागि पर्यटन बोर्डसंग समन्वय गरी पर्यटकीय गुरुयोजना तयार पार्ने र यस कार्यलाई करको दायरामा ल्याउने ।
- उद्योग वाणिज्य संघ र व्यवसायीहरूसंग सहकार्य गरी व्यवसाय दर्ता गर्ने र व्यवसाय कर असुल गर्ने तथा अन्य सरोकारवालसंग छलफल एवं सहकार्य गरी कर सम्बन्धी आवश्यक कार्यविधि निर्माण गरी लागु गर्नु पर्ने ।
- सबै वडाहरूमा करदाता शिक्षा कार्यक्रम संचालन गरी कर चुहावटलाई नियन्त्रण र न्यूनीकरण गर्नुपर्ने । करदाता र कर प्रशासन पारदर्शी तथा एक अर्काप्रति जवाफदेही बनाउने ढंगले दुवै पक्षलाई अभिमुखिकरण गर्ने ।
- करको सम्भावना भएका शिर्षकमा करको दर निर्धारण नभएको र भविष्यमा असुल हुन सक्ने क्षेत्रमा दर निर्धारण भएको देखिएकोले करको दायरा तथा दरमा समय सापेक्ष हेरफेर गर्नुपर्ने देखिन्छ ।
- राजस्व तथा कर दस्तुर असुल गर्नका लागि वडाहरूमा घुम्ती सेवा चौमासिक/वार्षिक रुपमा संचालन गर्नुपर्ने ।
- नगरपालिकाको समग्र आर्थिक अवस्थाको विश्लेषण गर्दा अत्मनिर्भर पालिका निर्माणको नीति लिई केन्द्र र प्रदेशमा भर नपरी आवश्यक श्रोत परिचालनको सम्भावनाको पहिचान गरी कार्यान्वयनको नीति लिनुपर्ने ।

## ३.९ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

यो कार्ययोजना तर्जुमाको क्रममा नगरपालिकाको राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावनाको विश्लेषण गरिएको छ । नगरपालिकामा रहेको कर र गैर करका क्षेत्रको पहिचान, सम्भावना, संकलन भएको नभएको दर निर्धारणको अवस्थाको वारेमा यो खण्डमा विश्लेषण गरिएको छ ।

### ३.९.१ स्थानीय कर राजस्व

भूमि कर (मालपोत), सम्पत्ति कर, सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा), घर जग्गा बहाल कर, व्यवसाय कर, जडिबुटी, कवाडी र जिवजन्तु कर जस्ता कर राजस्वको सम्भावनाका क्षेत्र तथा संकलन भएको नभएको तथा दर निर्धारणको अवस्था वारेको विश्लेषण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ७: कर राजस्व तर्फको सम्भावना विश्लेषण**

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| १ | भूमि कर (मालपोत) | भएको | भएको | भएको |
| २ | सम्पत्ति कर | भएको | भएको | भएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | भएको | नभएको | भएको |
| ४ | घर जग्गा बहाल कर | भएको | भएको | भएको |
| ५ | व्यवसाय कर | भएको | भएको | भएको |
| ६ | जडिबुटी, कवाडी र जिवजन्तु कर | भएको | नभएको | भएको |
| ७ | विज्ञापन कर | भएको | नभएको | भएको |

*स्रोत :देवचुली नगरपालिका, २०७८*

## ३.९.२ गैरकर राजस्व

बिभिन्न शुल्क, दस्तुर तथा सेवा प्रदान गरे वापतको दस्तुर तथा सेवा शुल्क जस्ता गैरकर राजस्वको सम्भावनाका क्षेत्र तथा संकलन भएको नभएको तथा दर निर्धारणको अवस्था वारेको विश्लेषण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ८: गैर कर राजस्व तर्फको सम्भावना विश्लेषण**

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | भएको | नभएको | भएको |
| २ | नक्सापास दस्तुर | भएको | भएको | भएको |
| ३ | व्यक्तिगत घटना दर्ता शुल्क | भएको | भएको | भएको |
| ४ | वहाल विटौरी शुल्क | भएको | भएको | भएको |
| ५ | पार्किङ्ग शुल्क | भएको | भएको | नभएको |
| ६ | अस्पताल संचालन | भएको | भएको | भएको |
| ७ | फोहरमैला व्यवस्थापन शुल्क | भएको | भएको | भएको |
| ८ | स्थानीय खानेपानी महसुल | भएको | भएको | भएको |
| ९ | स्थानीय विद्युत महसुल | भएको | भएको | भएको |
| १० | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | भएको | नभएको | भएको |
| ११ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क<br><br>(खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, वसपार्क, पुलआदि) | भएको | नभएको | नभएको |
| १२ | मूल्यांकन सेवा शुल्क | भएको | भएको | भएको |
| १३ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर<br><br>(एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म) | भएको | भएको | भएको |
| १४ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | भएको | नभएको | भएको |
| १५ | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| १६ | दण्ड जरिवाना | भएको | भएको | भएको |

*स्रोत :देवचुली नगरपालिका, २०७८*

# परिच्छेद चार

# आन्तरिक आय सम्भावनाको विश्लेषण

स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि भएका कानुनी व्यवस्था समेतका आधारमा आन्तरिक स्रोततर्फ यस नगरपालिकाको राजस्व संकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरु शिर्षकगत् रुपमा विश्लेषण गरिएको छ ।

## ४.१ नगरपालिकाको राजश्व अधिकार सम्बन्धी संबैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधान, २०७२ अनुसूची ८ अनुक्रम ४ बमोजिम नगरपालिकालाई सम्पत्ति कर, भूमीकर (मालपोत), सवारी साधन कर, मनोरञ्जन कर, घर बहाल कर, विज्ञापन कर, व्यवसाय कर र घर जग्गा रजिष्ट्रेशन दस्तुर, पर्यटन शुल्क, सेवा शुल्क दस्तुर (नक्सापास दस्तुर समेत), दण्ड जरिवाना जस्ता राजस्व अधिकार प्रदान गरेको छ भने संघीय कानुन स्थानीय सरकार संचालन ऐन, २०७४ ले ती राजस्व अधिकारको थप व्याख्या गरेको अवस्था छ । जस अनुसार नगरपालिकाभित्रको घरजग्गाको मूल्यको आधारमा एकिकृत सम्पत्तिकर वा धरजग्गाकर जसको बिकल्पको रुपमा मालपोत वा भूमिकर, घरजग्गा वहालकर, पूजिगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसायकर, रिक्सा, टांगा, अटोरिक्सा, इ रिक्सामा सवारीकर, उन, खोटो, वनकस कवाडीमाल, जीवजस्तुको हाड, सींग, प्वाख छालाको व्यवसायिक उपयोगमा जडिवुटि, कवाडी र जीवजन्तुकर, आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत वहाल विटौरी शुल्क, आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत पार्किङ शुल्क लगाउन पाउने गरी कानूनी व्यवस्था गरेको छ ।

त्यसै गरी आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ, कायकिङ, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा वा ब्यवसायमा, आफुले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएकोखानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदिमा, अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङकन र सिफारिस सम्बन्धी कुनै सेवामा सेवा शुल्क लगाउन पाउने व्यवस्था गरेको छ ।

यसै गरी दस्तुर तर्फ एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, बिद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युशन, कोचिग, औषधीपसल, प्लटिङ, ढुंगा, गिटी, वालुवा, माटो, खरिढुंगा, स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोग, नक्सापास, पंजिकरण, सिफारिस, जग्गा नापजांच, वस्तु तथा सेवा बिक्रि, ढुङा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी कार्यको दर्ता अनुमति वा नविकरण गर्दा दस्तुर लिन सक्ने व्यवस्था गरेको छ ।

यसै गरी नेपालको संविधान तथा अन्तर सरकारी बित्त हस्तान्तरण ऐन २०७४, राष्टिय प्राकृतिक श्रोत तथा बित्त आयोग ऐन २०७४ अनुसार संघ, प्रदेश तथा स्थानीय सरकार बीच बाँडफाँड हुने व्यवस्था अनुसारको राजस्व अधिकार देहाय बमोजिम रहेको छ :

### क) संघ तथा प्रदेश कानुनको आधारमा स्थानीय तहमा प्राप्त हुने

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नविकरण
- इन्टरनेट सेवा, टेलिसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नविकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

### ख) स्थानीय तहमा संकलन भई बाँडफाँड हुने

- बिज्ञापन कर : स्थानीय तहले विज्ञापन कर लगाउने र उठाउने । यसरी उठेको रकम स्थानीय तहलाई ६० र प्रदेशलाई ४० प्रतिसतका दरले बाँडफाँड हुने ।
- मनोरञ्जन कर : मनोरञ्जन करको दर निर्धारण प्रदेशले गर्ने र स्थानीय तहले संकलन गर्ने । यसरी संकलन भएको रकममध्ये स्थानीय तहलाई ६० र प्रदेशलाई ४० प्रतिसतका दरले बाँडफाँड हुने ।
- घर जग्गा रजिष्ट्रेशन शुल्क : घरजग्गा रजिष्ट्रेशन शुल्कको दर निर्धारण प्रदेशले गर्ने र स्थानीय तहले संकलन गर्ने । यसरी संकलित रकममध्ये स्थानीय तहलाई ६० र प्रदेशलाई ४० प्रतिसतका दरले बाँडफाँड हुने ।

### ग) प्रदेश तहबाट संकलन भई वाँडफाँड हुने

- सवारी साधन (टांगा, रिक्सा, अटो रिक्सा, विद्युतिय रिक्सा बोहक) करको दर निर्धारण तथा संकलन प्रदेशले गर्ने र संकलित रकममध्ये प्रदेशले ६० र स्थानीय तहले ४० प्रतिसत पाउने गरी बाँडफाँड हुने ।

## ४.२ प्रभावकारी राजश्व परिचालन तथा राजश्व सुधारका प्रमुख पक्षहरु

स्थानीय सरकार बित्त व्यवस्था प्रणालीको सैद्धान्तिक धरातल, बित्तीय बिकेन्द्रिकरण अन्तर्गत स्थानीय तहको सरकारलाई प्राप्त वित्तीय अधिकार अनुसार राजस्व परिचालनमा सुधार ल्याउनको लागि योजनाबद्ध प्रयास थालनी गर्नु पर्ने देखिन्छ । राजस्व परिचालनमा नगरपालिकाले सम्बोधन गर्नुपर्ने प्रमुख सवालहरु देहाय बमोजिम रहेका छन् :

- राजस्व आधार (करयोग्य वस्तु वा सेवा) को परिभाषा
- औसत करदर
- औसत करको दायरा
- मुल्यांकन औसत
- औसत संकलन

माथी उल्लेखित बिषय वा पक्षहरु मध्ये करयोग्य बस्तु वा सेवाको परिभाषा (त्वह द्यबकभ) र करको दररेट (त्वह च्वतभ च्वतष्यल) जस्ता पक्षलाई नितान्त नीतिगत पक्षसँग जोडेर हेरिन्छ जसको सम्बन्ध राजनीतिक वा प्रशासनिक इच्छाशक्तिमा निर्भर गर्दछ । करयोग्य वस्तु वा सेवाको मूल्यांकन बिधि (च्वतष्य या खबगिबतष्यल ९ख्ح०, औसत दायरा च्वतष्य या अयखभचबनभ ९ऋख्०० र औसत संकलनको अवस्था च्वतष्य या अर्यभिअतष्यल ९ऋीच० लाई राजस्व प्रशासनिक र व्यवस्थापकीय पक्षसँग सम्बन्धित मानिन्छ जसको प्रभावकारिता राजस्व प्रशासन संयन्त्र, जनशक्ति, तथ्यांक, प्रविधिको उपयोग, उत्प्रेरणा, नैतिकता जस्ता बिषयहरुले प्रभावित बनाइरहेको हुन्छ ।

नीतिगत रुपमा नगरपालिकाको राजस्व क्षेत्रको सुधारका लागि सर्वप्रथम संविधान, प्रचलित संघीय कानून बमोजिम नगरपालिकालाई प्राप्त कर तथा गैरकर राजस्व अधिकारको परिधिभित्र रही स्थानीय परिवेसमा उपलव्ध राजस्व आधार (त्वह द्यबकभ) हरुको तथ्यांक तथा विवरण अद्यावधिक, बिश्लेषण र बिवेचना हुनु आवश्यक छ भने ती राजस्व आधारहरुमध्ये हाल नगरपालिकाको पहुचको अवस्था वारेमा एकिन गरी थप विस्तार तथा प्रभावकारीता बिश्लेषण हुन आवश्यक छ । मालपोत वा भूमिकर, घरजग्गाकर जस्ता करक्षेत्रमा करदरको समयसापेक्ष बिश्लेषण र समायोजन, दायरा बिश्लेषणको आधारमा लक्ष्य निर्धारण, संकलनको वर्तमान अवस्थाको बिश्लेषणको आधारमा लक्ष्य निर्धारण गरिनु आवश्यक छ ।
यसै गरी प्रचलित कानूनको अधिनमा रही परिभाषित भएका राजस्व आधारहरुमाथी स्थानीय आर्थिक ऐन मार्फत कर तथा गैरकर राजस्वका दररेट (त्वह च्वतभ)  निर्धारण गर्दा अवलम्वन गरिएका आधारहरु के कस्ता छन, राजस्व सम्बन्धी सिद्धान्त तथा व्यवहारको अवलम्वन भएको नभएको, करका दरहरु प्रगतिशील वा न्यायमा आधारित छन छैनन जस्ता पक्षहरुको बिश्लेषण गरी राजस्व सम्बन्धी सिद्धान्त र अभ्यासको आधारमा समायोजना गरिनु आवश्यक छ ।
यसै गरी बिशेषत करराजस्वको आधारको मूल्यांकन (ख्बिगबतष्यल० गर्दा प्रचलित बजार मूल्यसँग तादम्यता छ छैन, जसले राजस्व निर्धारणमा तात्वीक अन्तर आउन सक्छ, त्यस्ता पक्षहरुको समेत गहन अध्ययन, बिश्लेषण गरी करयोग्य सम्पत्तिको मूल्यांकनको वैज्ञानिक बिधि तयार गरिनु आवश्यक छ ।यसैगरी  नगरपालिकाक्षेत्रभित्रको कूल करयोग्य सम्पत्ति, आय र वस्तु वा सेवामध्ये हाल करको दायरा ९ऋयखभचबनभ० मा के कति आवद्ध छन, के कति दायरा वाहिर छन भन्ने कुराको वस्तुनिष्ट बिश्लेषण पनि राजस्व सुधारका लागि अति आवश्यक मानिन्छ भने नगरपालिकाले राजस्व संकलन ९ऋयर्llभिअतष्यल० लाई प्रभावकारी बनाउन अवलम्वन गरिएका पद्धतिहरु, प्रविधिहरु, जनशक्ति, वातावरण जस्ता पक्षहरुको वस्तुनिष्ट बिश्लेषण र सुधार पनि राजस्व सुधारका लागि अनिवार्य शर्तको रुपमा लिइन्छ । यसको अतिरिक्त देहायका पक्षहरु पनि राजस्व सुधारका लागि महत्वपूण मानिन्छ ।

### क) कानुनी तथा नीतिगत व्यवस्थाको परिपालनाः

नेपालको संविधान तथा संघिय कानुनले प्रदान गरेका राजस्व अधिकार सम्बन्धी प्रावधानहरुको व्यवस्थित कार्यान्वयन र राजस्व परिचालनका लागि आवश्यक आर्थिक ऐन, नियमावली, विभिन्न कार्यविधिहरु समयमै तयार गरी नगरसभाबाट पारित गरि कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरिएको छ । यसको अक्षरस परिपालनामा नगरपालिका सजग र सचेत हुनु अत्यन्त आवश्यक देखिन्छ ।

### ख) उपयुक्त संगठन निर्माणः

नगरपालिकामा जनसंख्याको लगातार वृद्धि, आर्थिक तथा सामाजिक क्षेत्रको निरन्तर विकास, अव्यवस्थित शहरीकरण, बढ्दो मानवीय क्रियाकलाप, प्राकृतिक स्रोतको अनियन्त्रित दोहन वढ्दै गएको देखिन्छ । नगरभित्र तथा वाहिर पनि सडक तथा यातायातको संजालमा तिब्र बृद्धि भइरहेको छ भने हालका कृषि तथा पशुजन्य स्रोत लगायत स्थानीय स्रोतमा आधारीत उद्योग तथा व्यवसायमा समेत वृद्धि भइरहेको छ । नगरपालिकाले प्राप्त स्वायत्त अधिकारको प्रयोग र स्थानीय स्रोत साधनको परिचालन गर्न विद्यमान राजस्व प्रशासन क्षमतामा सुधार गर्नुपर्ने देखिएको छ । नगरपालिकाले उपयूक्त मानव स्रोतको व्यवस्था, क्षमता विकास तालिम, कम्प्युटरीकृत राजस्व अभिलेख तथा सूचना प्रणाली सहित राजस्व परिचालनका लागि सुदृढ राजस्व शाखाको व्यवस्था गर्नुपर्ने देखिन्छ । राजस्व शाखाको स्तरोन्नति, कर्मचारीको स्पष्ट कार्य विवरण, अनुगमन तथा नियन्त्रण प्रणालीको स्थापना, उत्प्रेरणात्मक विधिहरूको अवलम्वन, नागरिक केन्द्रित राजस्व प्रशासन जस्ता पक्षहरूलाई सम्वोधन गर्ने गरी राजस्व सँगठनलाई सुधार गर्नुपर्ने देखिन्छ ।

### ग) तथ्याङ्कमा आधारित अभिलेख तथा स्रोतहरुको प्राथमिकीकरणः

कर तथा राजस्व परिचालनका लागि यसका आधारहरूको स्पष्ट तथ्याङ्क एवं प्रक्षेपित अभिलेख हुनु जरुरी हुन्छ । कर तथा राजस्व सम्बन्धी दायरा र क्षेत्रका सम्बन्धमा आवश्यक विवरण, जानकारी तथा अभिलेख नगरपालिकाले व्यवस्थित रुपमा सङकलन तथा अद्यावधिक गर्नुपर्ने हुन्छ । कर तथा राजस्वका स्रोतहरूको पूर्ण अभिलेख भएको अवस्थामा मात्र आन्तरिक स्रोतहरूको प्रभावकारी परिचालन हुन सक्छ । हाल  स्थानीय तह सञ्चालनका लागि निर्माण भएका प्रचलीत ऐन तथा नियमावलीले नगरपालिकालाई आन्तरिक स्रोत परिचालनका लागि थुप्रै आधारहरू प्रदान गरे अनुरुप नगरपालिकाले आफ्नो नगरभित्र अधिक सम्भावना भएका स्रोतहरूलाई प्राथमिकतामा राख्नु पर्दछ ।

### घ) विभिन्न आयमूलक कार्यक्रमः

यस नगरपालिकाले आफ्नो आन्तरिक आय वृद्धिका लागि विद्यमान सम्पतिको परिचालन गरी व्यवसायिक सेवामूलक तथा आयमूलक कार्यक्रमहरू पनि सञ्चालन गर्न आवश्यक देखिन्छ । यसका लागि निजी क्षेत्रको लगानी र उद्यमशीलता आकर्षित गरी नयाँ वस्तु र सेवाको उत्पादन तथा ब्यापार गर्न सक्दछ । जस्तै नीजि क्षेत्रको साझेदारीमा कृषि उपजका लागि अवश्यक शित भण्डार, नगरपालिकाको रेखदेख, संरक्षण र व्यबस्थापनमा रहेका जग्गामा व्यवसायिक भवन निर्माण गरी बजार सञ्चालन गर्ने जस्ता क्षेत्रमा लगानी तथा आयमूलक कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

### ङ) पारदर्शिता र जवाफदेहिताः

प्रभावकारी राजस्व प्रशासनका लागि नगरपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय, पारदर्शी र नागरिकप्रति जवाफदेही हुन आवश्यक छ । आय व्ययको विवरण आवधिक रूपमा प्रकाशनमा ल्याउनु यस दिशातर्फको सकारात्मक कदम हुन सक्दछ । संकलित राजस्व सार्वजनिक गर्नु पारदर्शिता अभिवृद्धिका लागि राम्रो प्रयास हुन सक्दछ ।

### च) न्यायोचित राजस्व प्रणालीः

नगरपालिकाद्वारा लगाइने कर तथा शुल्कहरूलाई सेवाग्राहीको सुविधासँग जोडेर हेर्नु पर्ने हुन्छ । जुन क्षेत्रवाट राजस्व संकलन गरिएको हो, सोही क्षेत्रको विकास र सेवा विस्तारमा उक्त आम्दानीको ठूलो हिस्सा खर्च गर्ने नीति बनाउनु पर्दछ । कुनै नयाँ क्षेत्रमा कर लगाउँदा त्यसले आधारभूत वस्तुहरूको उत्पादनलाई निरुत्साहित गर्ने र स्थानीय अर्थतन्त्रमा नकारात्मक असर पर्ने अवस्था आएमा त्यस्तो करलाई तत्कालको लागि स्थगित गर्नु हितकर हुन्छ ।

### छ) खर्च नियन्त्रणः

नगरपालिकाले उपलब्ध गराएको सेवाप्रति नागरिकको सन्तुष्टिले जनताको कर तिर्ने चाहानालाई निर्धारण गर्दछ । यसर्थ पनि नगरपालिकाले उपलब्ध गराएका सेवाहरू प्रभावकारी र मितव्ययी भएको सुनिश्चित गर्न आवश्यक हुन्छ । खर्च नियन्त्रणका लागि अनावश्यक चालु खर्च, लाभ र दिगोपना विचार नगरी परियोजनामा हुने लगानी, कमजोर सम्पत्ति तथा नगद व्यवस्थापन, सेवा प्रदानमा पक्षपातपूर्ण व्यवहार जस्ता कार्यहरूको नियन्त्रणमा विशेष ध्यान दिनु पर्दछ ।

## ४.३ राजस्व प्रशासन तथा नीतिगत समस्याहरु

उपरोक्त ब्यवस्थालाई मध्यनजर गर्दा नगरपालिकाको राजस्व परिचालन सम्वन्धमा निम्न सवालहरु प्रमुख रहेको देखिन्छ

- राजस्व प्रशासन सम्बन्धी पर्याप्त नीति, ऐन, नियम तथा कार्यविधिहरु तयार नहुनु ।
- संगठन संरचनामा बेग्लै राजस्व शाखा हुने गरी व्यवस्था हुन नसक्नु ।
- राजस्व प्रशासनका लागि आवश्यक कर्मचारी, तालिम तथा कार्य सम्पादन मूल्यांकन नहुनु ।
- राजस्व आधार, दररेट, दायरा, करयोग्य सम्पत्ति, आय र सेवा वा वस्तुको मूल्यांकन सम्बन्धी अभिलेखहरु व्यवस्थित नहुनु ।
- राजस्व आधार, दररेट र दायरा वैज्ञानिक नहुनु ।

- नयाँ स्रोतहरूको पहिचान र विद्यमान स्रोतहरुको दायरा विस्तारमा विशेष पहल हुन नसक्नु ।

## ४.४ आन्तरिक स्रोत तर्फका राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

नगरपालिकाले प्रचलित कानून बमोजिम आन्तरिक स्रोततर्फ संकलन गर्ने राजस्वमध्ये यस नगरपालिकाले हाल उठाइरहेका विद्यमान तथा संभावित नयाँ आय क्षेत्रहरुको संभावनाको विश्लेषणात्मक अध्ययन यस शिर्षक अन्तर्गत गरिएको छ ।

### क) सम्पत्ति कर

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले नगरपालिकालाई आफ्नो क्षेत्रभित्र तोकिएको दरमा एकीकृत सम्पत्ति कर लगाउन सक्ने अधिकार प्रदान गरेको छ । ऐनले सबै स्थानीय सरकारलाई २०७५ साउन १ गतेबाट हाल लिदैआएको मालपोत ( भूमीकर) कर परिवर्तन गरी अनिबार्य रुपमा एकीकृत सम्पत्ति कर उठाउने पर्ने वाध्यकारी व्यवस्था गरेको भएतापनि चालु आ.व.को आर्थिक ऐनले स्थानीय सरकार संचालन ऐनको दफा ५५ र ५६ खारेज गरी एकीकृत सम्पत्ति कर सम्बन्धी विद्यमान कानूनी व्यबस्थामा परिवर्तन गरेको र सम्पत्ति कर नलागेको जग्गामा भूमीकर (मालपोत) लगाउन सक्ने वैकल्पिक व्यवस्था गरेकोले सम्पत्तिकर लाग्ने सम्पत्तिमा सम्पत्तिकर र अन्य सम्पत्तिमा मालपोत वा भूमिकर लगाउन सक्ने देखिन्छ ।

अध्ययनको क्रममा स्थानीय सरोकारवालाहरुसँगको अन्तरक्रियाको निष्कर्षको रुपमा नगर क्षेत्रमा वसोवास गर्ने करीव ९० प्रतिसत नागरिकहरुसँग जग्गाको स्वामित्व रहेको तर के कति संख्यामा सम्पत्तिकरदाता हुन सक्छन भन्ने सन्दर्भमा नगरपालिका क्षेत्रभित्रको जग्गा जमिनको एकिन अभिलेख तयार भइनसकेको, स्वामित्व सम्बन्धी समस्या रहेका जमिन र त्यस्ता जमिनमा निर्माण भएका संरचनाहरुमा सम्पत्तिकरको उपयुक्त बिकल्प वहाल बिटौरी शुल्क लगाउन सकिने सुझावहरु प्राप्त भएको छ । यसर्थ सम्पत्तिकरको प्रारम्भिक संभाव्यता आकलन गर्न मूलत: नगरपालिकाक्षेत्रभित्र रहेको कूल जनसंख्या, कूल घरधुरी संख्या, औषत परिवार संख्या, सम्पत्तिको स्वामित्व रहेको परिवारको औषत न्युनतम संख्या करयोग्य अचल सम्पत्तिको अनुमानित मूल्यलाई नै आधार बनाउनु पर्ने हुन्छ । यसर्थ सम्पत्तिकरको संभाव्यता अध्ययन र अनुमान प्रक्षेपणको लागि राष्ट्रिय जनगणना २०७८ को प्ररम्भीक नतिजाको आधारमा यस नगरपालिकाको कुल जनसंख्या ५९४००, घरधुरी परिवार संख्या १४८३६, औषत परिवार संख्या ४ र परिवारमा १.५ जना औषत करदाता संख्या अनुमान गर्दा संभावित सम्पत्ति करदाताहरुको संख्या करीव २२ हजार २ सय हुन सक्ने अनुमान गरिएको छ ।

**तालिका ९: सम्पत्तिकर अनुमान प्रक्षेपण:**

| प्रतिसत | अनुमानित करदाता संख्या | अनुमानित अचल सम्पत्ति मूल्यांकन | कर दर | औषत करभार | अनुमानित प्रक्षेपण |
|---|---|---|---|---|---|
| ५० प्रतिसत | ११११०० | ५000000 | ३०० | ३०० | ३३३0000 |
| ३० प्रतिसत | ६६६० | ७000000 | ५०० | ५०० | ३३३0000 |
| १० प्रतिसत | २२२० | 10000000 | ८०० | ८०० | १७७६000 |
| ५ प्रतिसत | १११० | २0000000 | ०.००५% | १५०० | १६६५000 |
| ३ प्रतिसत | ६६६ | ३0000000 | ०.०१% | ३००० | १९९८000 |
| १ प्रतिसत | २२२ | ४0000000 | ०.०१५% | ६००० | १३३२000 |
| १ प्रतिसत | २२२ | ५0000000 भन्दा माथि | ०.०१७५% | ८७५० | १९४२५०० |
| जम्मा | २२२०० | | | | १५३७३५०० |

*स्रोत: देवचुली नगरपालिका, २०७८*

देवचुली नगरपालिकाले आ.व. २०७८।७९ मा सम्पत्ति कर वापत रु.७८ लाख आम्दानी गर्ने प्रक्षेपण गरेकोमा यो राजश्व सुधार कार्ययोजना लागु भए पश्चात आ. व २०७८।७९ का लागि देवचुली नगरपालिकाको कूल सम्भाव्यता करीव १ करोड

५३ लाख हाराहारी अनुमान गरिएको छ भने आ.व २०७९।८०, र २०८०।८१ मा १० प्रतिसत बृद्धि हुने अनुमान गरिएको छ । यो कर प्रणालीलाई थप प्रभावकारी बनाउन करदर र दायरा बिश्लेषणको आधारमा लक्ष्य निर्धारण हुनु आवश्यक छ भने व्यवस्थापकीय सुधार तर्फ तथ्यांक अद्यावधिका लागि घरधुरी सर्वेक्षण वा सम्पत्तिको स्वयम घोषणा बिधिको अवलम्बन, करयोग्य सम्पत्तिको मूल्यांकनका लागि जमिनलाई व्यवसायिक, आवासीय र अन्य वर्गमा वर्गिकरण गरी प्रचलित बजारमूल्यसँग तालमेल मिलाउनु अतिआवश्यक छ । त्यसैगरी घरको हकमा मुल्य ह्रास (मभउचभअष्बतष्यल चबतभ) दर पनि तोक्नु आवश्यक छ त्यसका लागि मुल्य ह्रास (मभउचभअष्बतष्यल चबतभ) दर कार्यबिधि बनाई लागु गर्न सकिन्छ ।

## ख) मालपोत वा भुमीकर

यस नगरपालिकामा सम्पत्ति कर प्रणली लागु भै सकेको छ जसले गर्दा हाल मालपोत वा भुमिकर वापत को आन्तरीक राजश्वको चालु आ.व मा कुनै प्रक्षेपण गरिएको छैन । विगतको मालपोत वा भुमीकर वापत सम्पुर्ण बक्यौता रकम असुल नभैसकेको अवस्थामा मालपोत तथा भूमिकरको वक्यौताको रुपमा चालु आ.व.२०७९।०८० का लागि १० लाख, आ.व.२०८०।०८१ का लागि रु.५ लाख र आ.व. २०८१।०८२ का लागि रु ५ लाख मात्र आम्दानी हुने अनुमान प्रस्ताव गरिएको छ ।

## ग) घर जग्गा वहाल कर

नगरपालिकाभित्रका कुनै व्यक्तिले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा पुरै वा आंशिक तवरले बहालमा दिएको अवस्थामा लिइने कर घरजग्गा बहाल कर हो । यस नगरपालिकाले बहाल कर व्यवसाय कर लगायत सम्पुर्ण क्षेत्रलाई करको दायरामा ल्याउने नीति लिएको छ भने २०७८ पौष मसान्त भित्रमा तोकिएको दस्तुर बुझाउनेलाई २० प्रतिशत रकम छुट दिने नीति अवलम्बन गरेको छ । कर प्रशासनलाई चुस्त सरल र प्रविधिमैत्री बनाई अधिकतम सहभागिता तथा सुनिश्चीतता गर्दै विद्युतीय माध्यमद्धारा एकिकृत कर प्रणली अवद्ध गरी व्यक्तिगत कर पहिचान नम्वर प्रदान गर्ने नीति अवलम्बन गरेको छ । यो कर प्रणालीलाई थप प्रभावकारी बनाउन घरवहाललाई आवासिय र व्यावसायिक दरमा वर्गिकरण गरिएको छ भने विद्यमान करको दरलाई परिवर्तन गरि आवासिय तर्फ बाषिर्क भाडा रकम अनुसार ३ देखि ७ प्रतिसत सम्म र व्यवसायिक क्षेत्रकालागि ५ देखि १० प्रतिसत सम्म करको दर कायम गरिएको छ जुन तालिका १० र ११ मा प्रस्तुत गरिएको छ । पालिका भित्रमा आवासिय र व्यवसायिक भाडा बस्ने व्यक्तिको एकिन तथ्यांक नरहेको भएपनि पालिकाभित्रमा कुल ३१५९ व्यवसाय दर्ता भएको आधारमा तथा कार्यसाला गोष्टीबाट संकलित तथ्यांकको आधारमा १५०० र ३१५९ रहने अनुमान गरीएको छ । यस शिर्षक अन्तर्गत चालु आ.व. २०७८।०७९ का लागि रु २५ लाख राजस्व उठ्ने अनुमान गरिएको छ भने तालिका १० र ११ अनुसार आवासिय र व्यवसायिक क्षेत्रबाट आ.व २०७९।०८० मा क्रमश कुल १४ लाख २० हजार र ४८ लाख २० हजार गरी कुल ६२ लाख २० हजार राजस्व उठ्ने प्रक्षेपण गरिएको छ भने उक्त राजस्व आ.व २०८०।८१ र २०८१।८२ मा १० प्रतिसतका दरले बढ्दै जाने अनुमान गरिएको छ ।

**तालिका १०: आवासिय भाडा दरको प्रक्षेपण**

| क्र.सं. | आवासिय भाडा दर (बार्षिक) | अनुमानित संख्या | दर रेट | अनुमानित आय |
|---|---|---|---|---|
| १ | १००००० | ७५० | ०.००३ | २२५००० |
| २ | २००००० | ३५० | ०.००४ | २८०००० |
| ३ | ३००००० | २०० | ०.००५ | ३००००० |
| ४ | ४००००० | १०० | ०.००६ | २४०००० |
| ६ | ५००००० | ५० | ०.००७ | १७५००० |
| ६ | ५००००० भन्दा माथि | ५० | ०.००८ | २००००० |
| | **जम्मा** | **१५००** | | **१४२००००** |

*स्रोत: देवचुली नगरपालिका, २०७८*

**तालिका ११: व्यावसायिक भाडा दरको प्रक्षेपण**

| क्र.सं. | व्यवसायिक भाडा दर (बार्षिक) | अनुमानित संख्या | दर रेट | अनुमानित आय |
|---|---|---|---|---|
| १ | १००००० | १५०० | ०.००५ | ७५०००० |
| २ | २००००० | ७०० | ०.००६ | ८४०००० |
| ३ | ३००००० | ३५० | ०.००७ | ७३५००० |
| ४ | ४००००० | २५० | ०.००८ | ८००००० |
| ६ | ५००००० | २०० | ०.००९ | ९००००० |
| ६ | ५००००० भन्दा माथि | १५९ | ०.०१ | ७९५००० |
| | **जम्मा** | **३१५९** | | **४८२००००** |

*स्रोत: देवचुली नगरपालिका, २०७८*

घरवहाल करालाई प्रभावकारी वनाउन नगरपालिकाले देहायका कार्य गर्नु आवश्यक देखिन्छ :

- स्थलगत सर्वेक्षण गरी भाडामा रहेका संरचनाको विवरण संकलन गरी लगत तयार गर्ने ।
- घर बहाल करका सम्बन्धमा करदातालाई जानकारी दिने र असुली गर्ने नीतिगत व्यवस्था गर्नुपर्ने ।
- घर जग्गा बहाल कर लगाउने र उठाउने सम्बन्धी कार्यविधि कानूनको निर्माण गरी लागु गर्ने ।
- घर वहाल कर नतिर्ने घरधनीलाई नगरपालिकाबाट प्राप्त हुने सुविधावाट बञ्चित गर्ने नीति लिने ।

## घ) व्यवसाय कर

व्यवसाय कर नगरपालिकाको प्रमुख आयको रुपमा लिन सकिन्छ । नगरपालिकाले आफ्नो क्षेत्रभित्र संचालनमा रहेका व्यबसायहरुलाई बर्गीकरण गरी व्यवसाय कर लगाउन सक्दछ । व्यवसाय करको दर नगरसभाले स्वीकृत गरि आर्थिक ऐनद्वारा निर्धारण गरिएको हुन्छ । यस नगरपालिकाले पनि विभिन्न व्यवसायहरूको वर्गिकरणका आधारमा करका दरहरू निर्धारण गर्नुका साथै कर असुली गरिरहेको छ ।

नगरपालिकामा हालसम्म दर्ता भई संचालनमा रहेका व्यवसायको संख्या ३१५९ रहेको भएतापनि अध्ययनको क्रममा गरिएको अन्तरक्रिया, स्थालगत अनुगमन तथा प्राप्त जानकारीको आधारमा नगरपालिकाक्षेत्रभित्र दर्ता भएका र हुन बाँकी रहेका गरी करिव ५००० को हाराहारीमा साना ठूला पसल तथा व्यवसायहरु भएको देखिन्छ । यसर्थ व्यवसायकर शिर्षकमा चालु आ.व.२०७८।०७९ का लागि गरिएको अनुमान रु. ३० लाख अनुमान गरिएकोमा यो राजश्व सुधार कार्ययोजना लागु भए पश्चात आ.व.२०७९।०८० का लागि रु. ६८ लाख २५ हजार र त्यस पछिका आर्थिक वर्षहरुमा १० प्रतिसतले राजस्व बढ्ने अनुमान प्रस्ताव गरिएको छ । यो कर प्रणालीलाई थप प्रभावकारी बनाउन नगरपालिका भित्र हुने व्यवसायलाई कारोवारका आधारमा वर्गीकरण गरी तालिका १२ वमोजिम करको दर कायम गर्न सकिने देखिन्छ ।

**तालिका १२: व्यवसायिक राजस्वको अनुमानित प्रक्षेपण**

| क्र.सं. | व्यवसायको विवरण | अनुमानित संख्या | दर रेट | अनुमानित आय |
|---|---|---|---|---|
| १ | २० लाख सम्म (५८ प्रतिसत) | २९०० | ५०० | १४५०००० |
| २ | २० देखि ५० लाख (२० प्रतिसत) | १००० | १००० | १०००००० |
| ३ | ५० देखि ७० करोड सम्म (१० प्रतिसत) | ५०० | २००० | १०००००० |
| ३ | ७० देखि १ करोड सम्म (५ प्रतिसत) | २५० | ३००० | ७५०००० |
| ४ | १ करोड देखि ३ करोडसम्म (२.५ प्रतिसत) | १२५ | ५००० | ६२५००० |
| ५ | ३ करोड देखि ५ करोडसम्म (२.५ प्रतिसत) | १२५ | ८००० | १०००००० |
| ६ | ५ करोड भन्दा माथि (२ प्रतिसत) | १०० | १०००० | १०००००० |
| | जम्मा | ५००० | | ६८२५००० |

*स्रोत: देवचुली नगरपालिका, २०७८*

साथै व्यवसाय करलाई थप वैज्ञानिक र प्रभावकारी बनाउन देहायका कार्यहरु गर्न सकिन्छ :

- व्यवसाय कर सम्बन्धी आवश्यक सूचनासहितको ब्यवसायहरूको यथार्थ विवरण संकलन तथा अद्यावधिक गर्ने ।
- व्यवसाय कर दरमा समय सापेक्ष समिक्षा र बिश्लेषणको आधारमा समायोजन र छुट तथा जरिवानाको व्यवस्था लागु गर्ने ।
- व्यावसायलाई लगानीको आधारमा र उत्पादन क्षमताका आधारमा साना, ठुला मझौला व्यवसायको रुपमा वर्गिकरण गरि सोही अनुरुप करको दर निर्धारण गर्ने ।
- नवप्रवर्तन स्थानिय रोजगारी पवर्धन गर्ने उद्योगहरुलाई आवस्यक प्रोत्साहानका कार्यक्रम संचालन गर्ने ।
- व्यवसाय करमा छुट तथा जरीवानाको व्यवस्था लागु गर्ने ।
- नेपाल सरकारले व्यवस्था गरे बमोजिम प्यान तथा भ्याट अनिवार्य गरि प्रत्येक व्यवसायी लाई व्यावसायीक संकेत नम्बर प्रदान गर्ने ।

## ङ ) विज्ञापन कर

नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल अदिमा विज्ञापन कर लगाउन सक्छ । तर, संघीय कानुन अनुसार यो कर नगरपालिकाले दर निर्धारण र संकलन गर्ने तथा प्रदेशलाई ४० र स्थानीय तहलाई ६० प्रतिसतका दरले बाँडफाँड हुने भएको तर यस नगरमा विज्ञापनका लागि होर्डिङ बोर्ड राखिएको तर हालसम्म विज्ञापन कर असुली नभएको अवस्था छ । नगरमा यस्ता विज्ञापनको होर्डिङ वोर्ड र डिजिटल वोर्ड के कति संख्यामा छ भन्ने विवरण उपलब्ध हुन नसकेको साथै यससंग सम्बन्धीत करका दरहरु निर्धारण गरिएको भएपनि चालु आ.व. का लागि यस शिर्षमा कुनै अनुमान नगरिएकोमा यो रावश्व सुधार कार्यायोजना लागु भए पश्चात आगामी आ.व.२०७९।०८० का लागि ७ लाख, आ.व.२०८०।०८१ का लागि रु. १० लाख र आ.व. २०८१।०८२ का लागि १३ लाख अनुमान प्रस्ताव गरिएको छ । यो कर प्रणालीलाई थप प्रभावकारी बनाउन निम्न बमोजिमका कामहरु अविलम्व थालनी गर्नु पर्ने देखिन्छ ।

- नगरपालिका क्षेत्रभित्र रहेका बिज्ञापन वोर्ड तथा अन्य व्यापारिक बिज्ञापन वोर्डहरुको अभिलेख तयार गर्ने,
- बिज्ञापन सम्बन्धी कार्यविधि बनाई लागु गर्ने ।
- नगरपालिका क्षेत्रभित्रमा विज्ञापन प्रयोजनमा राखिने वोर्ड हरु राख्नुपुर्व अनिवार्य अनुमती लिनुपर्ने व्यवस्था गर्ने ।

## च) दस्तुरहरु

यस अन्तर्गत नगरपालिकाले प्रदान गर्ने संघसंस्था सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाजको लागि सिफारिस लगायतका विभिन्न सिफारिसहरु गरे

वापत लिईने दस्तुर पर्दछ, जुन नगरपालिकाको प्रमुख आन्तरिक आय मध्येको एक हो। नगरपालिकाले सिफारिश दस्तुरको दररेट नगर सभाबाट निर्धारण गर्नुका साथै विभिन्न शिर्षकहरुमा रकम समेत संकलन गरिरहेको छ। आ व २०७८/७९ मो सिफारिस दस्तुर लगायतका शीर्षकमा नगरपालिकाले १५ लाख बराबरको राजस्व प्रक्षेपण गरेको छ भने त्यस पछिका आ.व.हरुमा क्रमशः १० प्रतिसतले बढ्दै जाने अनुमान गरिएको छ ।

नगरपालिकाले हाल कायम गरेका सेवा शुल्क दस्तुरका कतिपय शिर्षकहरुमा परिमार्जनको आवश्यकता देखिएको छ। म्याद कटेपछि गरिने व्यक्तिगत घटना दर्ता शुल्क बढाउनुपर्ने, निर्माण सम्पन्न सिफारीस रु.५०० लिने गरिकोमा वृद्धि गर्नुपर्ने, फोहोरमैला व्यवस्थापन शुल्क वृद्धि गर्नुपर्ने साथै सहकारी दर्ता तथा नविकरण शुल्कमा परिमार्जन गर्नुपर्ने आवस्यकता छ । यसलाई अझ व्यवस्थित गर्न निम्न बमोजिम कार्य गर्नुपर्ने देखिन्छ।

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने।
- सिफारिस तथा दस्तुरहरूको छुट्टाछुट्टै रेकर्ड राख्ने।
- सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने।
- वडाबाट संकलित दस्तुरहरू शीर्षकसहितको विवरण तयार गर्ने।
- नगरपालिकाबाट गरिने सिफारिसलाई “एक पटक दिने र वारम्बार दिने” गरी दुई भागमा वर्गिकरण गरी त्यसै अनुरुप दर कायम गर्दा उपयुक्त देखिन्छ।

### छ) नक्शा पास दस्तुर

२०७६ सालमा गरिएको घरधुरी सर्वेक्षणमा १२०२५ घरधुरी रहेको देभचुली नगरपालिका २०७८ मा गरिएको राष्ट्रिय जनगणनाको प्रारम्भीक नतिजाको आधारमा १३१२७ घरधुरी रहेका छन्, जसको आधारमा पालिका भित्रमा वार्षिक औषत ५५० घर निर्माण भएको देखिन्छ। १३१२७ घरधुरी मध्ये लगभग ५० प्रतिशत अर्थात ६५५० घरधुरिको अभिलेखिकरण हुन बाकि रहेको र तिमध्ये ९५ प्रतिशत घरहरु कच्ची रहेको भन्ने अनुमानित तथ्यांकका आधारमा नक्सा पास दस्तुरको प्रक्षेपण गरिएको छ। आगामी आ.व.मा हुन सक्ने नयाँ घरहरूको नक्सा पास र पुराना घरहरूको दर्ता (अभिलेखिकरण) को अनुमानीत संख्या र नगरसभाले पास गरेको औसत दस्तुरको आधारमा गणना गर्दा देहाय बमोजिम नक्सा पास दस्तुर संकलन हुन सक्ने अनुमान गरिएको छ।

**तालिका १३: नक्सा पास दस्तुरको सम्भावनाको गणना**

| क्र.सं. | विवरण | संख्या | औसत दर | सम्भाव्य आय |
|---|---|---|---|---|
| १ | **घर नक्सा पास** | | | |
| | पक्की घर | १५० | १०,००० | १,५००,००० |
| | अन्य घर | ४०० | १,००० | ४००,००० |
| | **घर नक्सा पास जम्मा** | **५५०** | | **१,९००,०००** |
| २ | अभिलेखिकरण | | | |
| | पक्की घर | ३२८ | २,००० | ६५६,००० |
| | कच्ची घर | ६२२२ | ५०० | ३,१११,००० |
| | **अभिलेखिकरण जम्मा** | **६५५०** | | **३,७६७,०००** |
| | **जम्मा** | **६८५५** | **०** | **५,६६७,०००** |

*स्रोतः राजस्व सुधार कार्ययोजना २०७८*

आ.व. २०७८।७९ मा नक्सा दस्तुर अन्तर्गत २० लाख आम्दानी प्रक्षेपण गरिएकोमा यो राजश्व सुधार कार्यायोजना लागु भए पश्चात नक्सा पास दस्तुरको सम्भावना ७५ लाख ६७ हजार रहने अनुमान गरिएको छ। यसलाई अझ व्यवस्थित रुपमा लागु गर्नको लागि नगरपालिकाले निम्न अनुसार कार्य गर्नुपर्ने आवस्यकता देखिन्छ।

- घर अभिलेखीकरणका लागि मालपोत संकलन कार्यसँग आवद्ध गरी वार्षिक रुपमा अभियान सञ्चालन गरि पालिका भित्रमा रहेका भवनको यथार्थ विवरण संकलन गर्ने।
- भवान निर्माण आचारसंहिता लागु गरी मापदण्ड तथा कार्यविधिहरू अनुसार नक्सापास प्रावधान लागु गर्ने।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरि समयानुकुल परिमार्जन गर्दै जाने।
- भुकम्प प्रतिरोधी भवन निर्माण कार्यलाई प्रोत्साहान गरी सो सिम्बन्धी जनचेतनाका कार्य संचालन गर्ने।

### ज) व्यवसाय रजिष्ट्रेशन दस्तुर

हालको कानुनी व्यवस्था अनुसार नगरपालिकाले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङजस्ता व्यवसायिक संघ संस्थाहरुको दर्ता, नविकरण गरी सो को दस्तुर संकलन गर्नसक्ने छ।

नगरपालिकाले हाल अभ्यास गरीरहेको व्यवसाय दर्ताको प्रकृयालाई थप प्रभावकारी वनाउन व्यवसायलाई अधिकृत पूजीका आधारमा वर्गीकरण गरी १० लाख सम्म, १० देखि ५० र ५० लाख भन्दा माथि पूजी भएकालाई क्रमश : २०००, ५००० र १०००० दर प्रस्ताव गरिएको छ। प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा यस किसिमको करको संभावना देहाय बमोजिमको रहेको छ :

**तालिका १४: व्यवसाय रजिष्ट्रेशन दस्तुर सम्भवानाको गणना**

| क.सं. | विवरण | प्रस्तावित दर्ता सुल्क | अनुमानीत संख्या | सम्भाव्य दर्ता आय ( रु.) |
|---|---|---|---|---|
| १ | ५० लाख भन्दा माथिका लगानिका व्यवसायहरु | १०,००० | १५ | १५०,००० |
| १ | १० लाख देखि ५० लाख लगानीका व्यवसायहरू | ५,००० | ७५ | ३७५,,००० |
| २ | १० लाख सम्म लगानिका व्यवसायहरु | २,००० | २०० | ४००,००० |
| **जम्मा** | | | २९० | ९५०,००० |

*स्रोत: राजस्व सुधार योजना २०७८*

नगरपालिकाले पालिकाभित्रमा दर्ता भई संचालनमा रहेका व्यवसाहरुको एकिन तथ्यांक संकलन गरि यथार्थ विवरण संकलन गर्नु पर्ने देखिन्छ भने कार्य प्रकृति र लगानिका आधारमा पालिकाभित्रमा रहेका र नया दर्ता हुने व्यवसायलाई वर्गिकरण गर्नुपर्ने आवस्यकता रहेको छ। हालसम्म व्यवसाय दर्ता र नविकरण बापत एकमुस्ठ रुपमा राजश्व संकलन गर्ने गरिएकोमा यसलाई छुट्छुट्टै रुपमा संकालनमा रुपमा संकलन गरेमा व्यवसाय रजिष्टेशन बापत राजश्व सुधार कार्यायोजना लागु भए पश्चात ९ लाख ५० हजार आन्तरीक राजश्व संकलन गर्न सकिने देखिन्छ। व्यवसाय रजिष्ट्रेशन दस्तुर संकलनलाई अझ व्यवस्थित बनाउन निम्म बमोजिम कार्यहरु गर्नुपर्ने देखिन्छ।

- व्यवसाय कर दरमा समय सापेक्ष समिक्षा र बिश्लेषणको आधारमा समायोजन र छुट तथा जरिवानाको व्यवस्था लागु गर्ने ।
- व्यवसाय कर संकलनका सम्बन्धीमा उद्योग वाणिज्य संघसँग समन्वय गरी नीति तथा कार्यविधि निर्धारण गर्ने ।
- कर तिर्ने व्यवसायीको "व्यवसायी संकेत नम्बर" कायम गर्ने ।
- एकै प्रकृतिको व्यवसायलाई लगानी तथा कारोबारको आधारमा ठूला,मझौला र साना (क ख ग घ) वर्गमा वर्गीकरण गरी व्यवसाय रजिष्टेशन करको दर निर्धारण र परिमार्जन गर्ने ।
- व्यवसाय दर्ता र नविकरण लाई सरलिकृत गरी छुट्टै रुपमा राजश्व संकलन गर्ने ।

## ञ) वहाल विटौरी

नगरपालिकाले वहाल विटौरी करका लागि हाल गरेको व्यवस्थाका तुलनामा बर्गफिटका आधारमा करको दर तोक्दा उपयुक्त हुने देखिन्छ । वहाल विटौरी अन्तर्गत आ.व २०७८।७९ को लक्ष १५ लाख लाई कायम राखी आ.व २०७९।८०, आ.व २०८०।८१ र आ.व २०८१।८२ मा क्रमश १० प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको छ ।

# परिच्छेद पाँच

# राजस्व सुधार कार्ययोजना

## ५.१ देवचुली नगरपालिकाको राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सरकारवालाहरूको सहभागितामूलक छलफलबाट तयार पारिएको देवचुली नगरपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ। नगरपालिकाको राजश्व सम्बन्धी अधिकार, करको दायरा, दररेट संम्बन्धी सरोकारवालाहरू सँगको छलफलमा राजश्व सुधारका क्षेत्रहरूको पहिचान गरी निश्चित समयावधीमा गरिने जिम्मेवारी सहितको सुधारका क्रियाकलापहरू देहाय बमोजिम रहेको छ।

**तालिका १५: राजस्व सुधार कार्ययोजना**

| सुधारका क्षेत्रहरू | सुधारको लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **कर राजश्व** | | | |
| **भूमि कर (मालपोत)** | जग्गाको किसिममा औचित्यलाई ख्याल गरी मौजुदा मुल्यांकनलाई पुन मुल्यांकन गर्ने | आर्थिक बर्ष २०७८/७९ भित्र | राजश्व परामर्श समिति |
| **एकीकृत सम्पत्ती कर** | • वडा कार्यालयबाट समेत कर लिनका लागि नेटवर्किङ्गमा आधारित सफ्टवेयर तयार गरी कर्मचारीलाई तालिम दिने ।<br>• बाटोले छोइएकोमा ग्रामिण सडक, मोटरेबल र हाइवेको वर्गीकरण गरी ठाउँ अनुसार दर निर्धारण गर्ने<br>• सम्पत्ति कर लागू भएका उत्कृष्ट स्थानिय तहहरूमा अवलोकन भ्रमण गर्ने । | आर्थिक बर्ष २०७८/७९ भित्र | प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, नगरसभा |
| **सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)** | • इरिक्सा सञ्चालनका लागि उद्योग वाणिज्य संघसंग समन्वय गर्ने | आर्थिक बर्ष २०७९/८० भित्र | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति |
| **घर जग्गा बहाल कर** | • घर जग्गा बहाल करलाई गा.पा., बाटोको सुविधा र प्रकृति हेरी कर लगाउने<br>• घर तथा जग्गा वहालमा लगाउने घरधनीहरूको विवरण संकलन गर्ने | आर्थिक बर्ष २०७८/७९ भित्र | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति |
| **व्यवसाय कर** | • नगरपालिका भित्र रहेका व्यवसायीहरूको तथ्याङ्क लिने र व्यवसायकरका दरहरूलाई विस्तृत अध्ययन गरी करका दररेट निर्धारण गर्ने ।<br>• व्यवसायीहरूलाई कर सम्वन्धी १ दिने सचेतना अभिमुखीकरण आयोजना गर्ने<br>• दर्ता नभएका व्यवसायीलाई नगरपालिकामा दर्ताको लागि सार्वजनिक सञ्चार माध्यम मार्फत सूचना जारी गर्ने | आर्थिक बर्ष २०७८/७९ भित्र | राजश्व परामर्श समिति |

| | | | |
|---|---|---|---|
| | • निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा छिटो तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने | | |
| **जडिबुटी, कवाडी र जिवजन्तु कर** | • जडीबुटमि लुप्त रुपमा रहेकाहरूलाई पहिचान गरी निकासी योग्य बनाउनकोलागि प्रयत्न गर्न कवाडी संकलन केन्द्र तोकी करको दायरामा ल्याउने<br>• कवाडी टोल विकास संस्था मार्फत जम्मा गराई व्यवस्थापन गर्ने<br>• काँचो छाला संकलन केन्द्र स्थापना गरी आय आर्जन गर्ने | आर्थिक बर्ष २०७९/८० भित्र | नगरपालिका र टोल विकास संस्था |
| **गैर कर राजश्वका शिर्षक** | | | |
| **नक्सापास दस्तुर** | • नक्सा पास सर्व सुलभ ढंगबाट हुनुपर्ने<br>• नक्सापास गरी भूकम्प प्रतिरोधी घर मात्र निर्माणको लागि प्रोत्साहन गर्ने र निश्चित दर निर्धारण गर्ने | आर्थिक बर्ष २०७९/८० भित्र | नगरपालिका |
| **ब्यक्तिगत घटना दर्ता शुल्क** | • व्यक्तिगत घटना दर्ताका प्रमाण पत्र लिनको लागि तथा सच्याउनको लागि सच्याउदा लिई आएकोमा घटाउने | आर्थिक बर्ष २०७९/८० भित्र | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति |
| **पार्किङ्ग शुल्क** | • पालिका क्षेत्रमा सवारी पार्किङ्ग आवश्यक पर्ने ठाँउको पहिचान गरी पार्किङ्गको सुविधा उपलब्ध गराउने<br>• राजमार्ग र प्रमुख व्यापारिक क्षेत्रमा व्यापार प्रभावित हुने गरी पार्किङ्ग गर्ने गरेको पाईएमा जरीवाना गराउने | आर्थिक बर्ष २०७९/८० भित्र | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति |
| **फोहरमैला ब्यवस्थापन शुल्क** | • कुहिने र नकुहिने फोहोरको व्यवस्थापनको लागि सचेतना फैलाउने<br>• फोहरमैला व्यवस्थापनको निश्चित क्षेध पहिचान गरी व्यवस्थापन गर्ने<br>• फोहरमैला विसर्जनका आधारमा शुल्क कायम गर्ने<br>• तिर्ने र नतिर्नेको लागत तयार पार्ने | आर्थिक बर्ष २०७९/८० भित्र | वातावरण समिति, राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, |
| **स्थानीय खानेपानी महसुल** | • उपयोगको आधारमा मिटर सिस्टमबाट महशुल लागु गर्ने<br>• आफु खुशी प्रयोग भै रहेको पानीको स्रोतलाई एकिकरण गरी दायरामा ल्याउनुपर्ने | आर्थिक बर्ष २०७८/७९ भित्र | नगरपालिका, उद्योग वाणिज्य संघ र समुदाय |
| **निर्माण, संचालन र ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क (अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पर्यटकिय** | • बधशाला व्यवस्थित गर्नुपर्ने र उनीहरूबाट सरसफाई वापत अतिरिक्त शुल्क लिनुपर्ने<br>• बधशाला बजार भन्दा बाहिर हुनुपर्ने<br>• हाट बजार स्थापना गरी शुल्क उठाउने<br>• पशुबधको क्रममा निस्कने फोहोरको जथाभावी व्यवस्थापन गरेको पाईएमा जरीवाना गराउने | सम्भाव्यता अध्ययन गर्ने सम्भव भएमा कार्यान्वयनमा ल्याउने | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति |

| | | | |
|---|---|---|---|
| **स्थल, हाटवजार, पशु वधशाला, सडक, बसपार्क, पुल आदि** | | | |
| **मूल्यांकन सेवा शुल्क** | ● सम्पत्ति कर र अचल सम्पत्ति मूल्यांकन अभिलेखलाई एकत्रित गर्ने ।<br>● मूल्यांकन शुल्क दर पुनरावलोकन गर्ने (वैदेशीक, वैंकिङ तथा अन्य प्रयोजनको आधारमा वर्गिकरण) । | आर्थिक बर्ष २०७८/७९ भित्र | राजस्व परामर्श समिति, राजस्व शाखा |
| **दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म आदि** | ● व्यवसाय तथा फर्महरू व्यवसाय गर्नका लागि भन्दा ऋण प्रयोजनमा मात्र दर्ता गरिने प्रचलन भएको हुँदा व्यवसायीमुखी हुन र निरन्तरता दिन प्रति दिन प्रोत्साहन गर्नुका साथै फर्म अनुगमन गरी प्रोत्साहन गर्ने<br>● व्यवसाय दर्ता प्रकृयालाई प्रभावकारी बनाउने । दर्ता नगरी व्यवसाय गर्ने प्रचलनलाई निरुत्साहित गर्ने । | आर्थिक बर्ष २०७८/७९ भित्र | नगरपालिका प्रशासन र उ.वा. संघ |
| **ढुगा, गिट्टी, वालुवा, माटो, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क** | ● ढुङ्गा, गिटी, वालुवा उत्खननको सम्भावना भएको क्षेत्रको पहिचान गरी नगरपालिकाको आफ्नै व्यवस्थापनमा र प्रत्यक्ष निगरानीमा कर्मचारी खटाएर शुल्क अशुली गर्नुपर्ने<br>● गीट्टी बालुवाको निश्चित मात्रा (घन मिटर)को ट्रीपको मापदण्ड कायम गर्नुपर्ने | सम्भाव्यता अध्ययन गरी सम्भाव्यताका आधारमा कार्यान्वयनमा ल्याउने | नगरपालिका |
| **वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर** | ● विपन्न अशक्त, अपाङ्गहरूलाई दस्तुरमा छुटको व्यवस्था गर्ने<br>● कुनैपनि सिफारिस दस्तुर बुझाएकोमा काम नभएर फिर्ता हुनुपर्दा वा संशोधन गर्दा सो आ.व. सम्म उक्त दस्तुरबाट हुनुपर्ने<br>● अग्रेजी सिफारिस वडा कार्यालयबाटै प्रिन्ट गर्नुपर्ने<br>● जन्म मृत्यु विवाह दर्ता भैसकेका कागजात अग्रेजीमा प्रिन्ट गर्दा थप रकम नलिने | २०७९ श्रावण १ देखि (कतिपय सुविध कार्यान्वयनमा रहेको) | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति |
| | **राजस्व प्रसाशन** | | |
| नितिगत व्यवस्था | ● राजस्व सुधार कार्ययोजना लगायत राजस्व ऐनको समयानुकुल परिमार्जन तथा अन्य आवश्यक कार्यविधि तयार गरि नगरसभाबाट पास गर्ने । | २०७९ आषाढ मसान्तभित्र | प्रमुख प्रशासकिय अधिकृत<br>नगरसभा |
| | ● कर दातालाई करदाता शिक्षा उपलब्ध गराउने | २०७९ असार मसान्त | राजस्व परामर्श समिति राजस्व शाखा |

| | | | |
|---|---|---|---|
| | ● कम्प्युटर विलिङ्गको व्यवस्था र वैकल्पिक उर्जाको व्यवस्था गर्ने | आर्थिक बर्ष २०७८/७९ देखि निरन्तर | राजस्व परामर्श समिति राजस्व शाखा |
| | ● श्रव्य दृश्य सामग्रीको प्रयोग गर्ने | निरन्तर | राजस्व परामर्श समिति राजस्व शाखा |
| | ● बैंक मार्फत कर तिर्ने व्यवस्था गर्ने | आर्थिक बर्ष २०७९/८० भित्र | राजस्व परामर्श समिति राजस्व शाखा |
| **सांगाठनिक व्यवस्था** | ● सोधपुछ कक्षको व्यवस्था गर्ने<br>● आवश्यकता अनुसार काउन्टरको व्यवस्था गर्ने<br>● कर्मचारीहरू संख्यामा थप गरी तालिम तथा प्रविधीको सीप विकास गर्ने ।<br>● राजस्व प्रशाासन शाखा तथा वडा कार्यालयका लागि आवश्यक भौतिक सुविधाहरू (कार्य स्थल, फर्निचर, कम्प्युटर, सफ्फट्वेयर आदी) मा बृद्धि गर्ने | आर्थिक बर्ष २०७८/७९ भित्र | राजस्व परामर्श समिति<br>राजस्व शाखा |
| **राजस्व संकलन तथा अभिलेख** | ● राजस्व संकलनको लागि अभिलेख तथार पार्ने | आर्थिक बर्ष २०७८/७९ भित्र | नगरकार्यपालिका |
| **सूचना तथा पारदर्शिता** | ● सञ्चार माध्यमबाट कर तिर्न प्रोत्साहित गर्ने सम्वन्धी सूचना सम्प्रेषण गर्ने ।<br>● नगरपालिका  र वडामा करको दररेट सहित नागरिक बडापत्र राख्ने । | मासिक रुपमा | प्रमुख प्रशासकिय अधिकृत,<br>वडा सचिवहरू |
| **अनुगमन** | ● अनुगमन गरि छुटेका करदातालाई करको दायरामा ल्याउने । | प्रत्येक तीन महिनामा | कार्यपालिका |
| **पारदर्शिता** | ● प्रत्येक चार चार महिनामा आय ब्यायको सार्वजनिककरण गर्ने । | प्रत्येक चार महिनामा | प्रमुख प्रशासकिय अधिकृत |
| **समिक्षा तथा प्रोत्साहन** | ● त्रैमासिक रुपमा आय ब्यायको सार्वजनिककरण गर्ने र कार्यपालिका बैठकमा समिक्षा गर्ने ।<br>● प्रत्येक छ महिनामा कर्मचारी सहित समिक्षा गर्ने ।<br>● बार्षिक रुपमा करदाताहरू सम्मिलित अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने ।<br>● करदातालाई सम्मान गर्ने (बढि कर तिर्नेलाई पुरस्कृत गर्ने)<br>● राम्रो काम गर्ने जनप्रतिनिधि तथा कर्मचारीलाई राजस्व असुलीको आधारमा कार्यसम्पादन मूल्यांकन गरि प्रोत्साहन दिने । | निरन्तर, वार्षिक रुपमा (नगरसभा गर्ने दिनमा) | नगरसभा<br><br>प्रमुख प्रशासकिय अधिकृत<br>कार्यपालिका |

*स्रोत: राजस्व सुधार योजना २०७८*

**थप सुझावहरु**

- उपयुक्त स्थानमा सटर निर्माण गरी भाडामा दिन सकिने ।
- निजी विद्यालयको तथ्यांक लिने ।
- ग्रर्षीष्लिन क्थकतभ्क को विकास ( जस्तैः कक्व र :यदषभि क्थकतभ्क) गर्ने ।
- राजस्वलाई नगरपालिकाको सेवा प्रणालीमा आवद्ध गर्ने र सचेतना कार्यक्रमहरु संचालन गर्ने ।
- राजस्व प्रशासन सम्बनधी कार्य क्रमशः विकेन्द्रिकरण गर्दै लैजाने ।
- निजी क्षेत्र र विभिन्न दातृ निकायहरुबाट सञ्चालन गरिने कार्यक्रम र लगानीलाई नगरपालिकाको वहुवर्षिय तथा वार्षिक कार्यक्रमसँग आवद्ध गरी स्रोत परिचालन गर्ने ।
- नगरपालिकाले संचालन गर्दै आएका सम्भाव्य आयोजनाहरुको निर्माण, मर्मत तथा संचालनमा निजी क्षेत्रको सहभागिता बढाउँदै लैजाने ।
- नगरपालिकाको कर प्रणाली र खर्च प्रणालीलाई क्रमशः कम्प्यूटर सफ्टवयर प्रणालीमा लैजाने ।
- नगर क्षेत्रभित्र रहेका सार्वजनिक जग्गा तथा मठमन्दिरसँग रहेको सार्वजनिक जग्गाहरुलाई व्यवस्थित गरी व्यावसायिक रुपमा संचालन गर्ने व्यवस्था मिलाउने ।
- वडाबाट उठेको राजश्वको निश्चित प्रतिसत संबन्धित वडामै खर्च गर्ने (च्भदबतभ क्थकतभ्क) व्यवस्था मिलाउने ।
- कर दातालाई त्वह क्ष्मभलतष्तथ ऋबचम को व्यवस्था गर्ने ।
- वडागत रुपमा राजश्व उठाउने विकेन्द्रित प्रणालीको कार्यान्वयन गर्ने
- कर तथा सेवा शुल्कको मापदण्ड तयार गर्दा नगरपालिकालाई शहरी र ग्रामिण क्षेत्र तथा व्यवसायिक र आवसीय क्षेत्रमा बर्गीकरण गरी त्यसै अनुरुप दर निर्धारण गर्दा समन्यायिक कर निर्धारण हुन सक्ने भएकाले त्यस तर्फ ध्यान दिनुपर्ने

**राजस्व अभिबृद्धिका लागि वडागत रुपमा प्राप्त सुझावहरु**

- ढुङ्गा, माटो, बालुवा, गिटी दुवानीमा कर लगाई व्यबस्थित गर्ने,
- तरकारी फलफुल तथा दुध संकलन केन्द्रको स्थापना गर्न सकिने,
- पिकनिक स्थल तथा पार्क निर्माण गर्ने,
- मूलको खानेपानीको उचित व्यवस्थापन गरी शुल्क उठाउन सकिने,
- पालिका भित्र पाईने जडिबुटिहरुको पहिचान तथा प्रशोधन केन्द्र स्थापना गरी बजार बजार पहुँच विस्तार गर्ने,
- टावरको स्थापना गर्न सकिने,
- स्तरिय होटल तथा रेष्टुरेण्टको स्थापना गर्न सकिने,
- राष्ट्रिय स्तरको अस्पताल खोलि सेवा सुबिधा दिन सकिने,
- वडा वासिलाई करको वारेमा जानकारी दिने र नतिर्ने लाइ दण्ड तथा जरिवाना सम्म लगाउने,
- संग्राहलय स्थापना तथा ऐतिहासिक स्थलहरुको मर्मत संभार गरि बढि भन्दा बढि पर्यटक भित्राउन सकिने,
- सबै व्यबसायीहरुलाई करको दायरामा ल्याउन सकिने,
- सांस्कृतिक कार्यक्रम गर्न सकिने,
- तरकारि तथा फलफुल संकलन र दुध संकलन केन्द्र स्थापना गर्न सकिने
- आवास क्षेत्र तथा व्यापारिक क्षेत्रको श्रेणि विभाजन गरि घर बहाल कर उठाउन सकिने,

- व्यवसायीहरुलाई करको दायरामा ल्याई कर तिर्न लगाउने नतिर्नेलाई दण्ड तथा जरिवाना लगाउने
- व्यवसाय दर्ता भए नभएको अनुगमन गर्ने,
- कर तथा राजस्व सम्बन्धि जनचेतना जगाउने कार्यक्रम गर्ने
- निजी विद्यालयलाई कर उठाउने कार्यको कार्यान्वयन गर्ने ,
- अनिवार्य रुपमा व्यवसाय दर्ता गर्नु पर्ने,
- न्यूनतम भाडादर कायम गर्ने,
- बढि कर तिर्नेलाई प्रमाणपत्र तथा पुरस्कार दिई सबैलाई उत्साहित गराउने,
- करको दयरा फराकिलो पार्ने,
- कर दर घटाउने ।

## ५.२ राजश्व सुधार कार्य योजनाका आधारमा राजश्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भई नगरपालिकाले संकलन गर्ने आगामी तीन आर्थिक वर्षहरू ( आ.व. २०७९/०८० देखि २०८१/०८२ सम्म) को आयको सम्भाव्यता लाई प्रक्षेपण गरिएको छ। यो आय अनुमान गर्दा राजस्व सुधार कार्ययोजनामा योजना गरिएका कृयाकलापहरूको आधारमा तयार गरिएको हो। नगरपालिकाले यस प्रक्षेपणलाई भविष्यमा वार्षिक बजेट अनुमानको क्रममा मार्गदर्शनको रूपमा लिन सक्दछ। राजस्व सुधार कार्ययोजनाको आधारमा रहेर आय प्रक्षेपण देहाय अनुसारका मान्यताहरूका आधारमा तयार पारिएको हो ।

**सामान्य मान्यताहरू :**

- नगरपालिकामा नयाँ क्षेत्र गाभिए संगै आय संकलनको आधार (करको दायरा) स्वतः विस्तार भएको हुने ।
- राजस्व सुधार कार्ययोजना कार्यान्वयन भए पश्चात्त नगरपालिकाको राजस्व प्रशासनमा सुधार आउने
- राजस्व प्रशासनमा सुधार आउनुले राजस्व संकलन प्रभावकारी हुने ।

**तालिका १६: आन्तरिक राजस्व प्रक्षेपण**

| आय शीर्षक | ०७८/७९ को प्रस्तावित आय | प्रक्षेपित आय | | |
|---|---|---|---|---|
| | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| **आय** | ६२७२३८००० | ६८१२४०४०० | ७१७३८२१९५ | ७५६०७७५५६ |
| **राजश्व** | १५२२१८००० | १८२४६९४०० | १९३६७२६४५ | २०६१८२५२९ |
| **आन्तरिक श्रोत** | २५१00000 | ४८९९५५०० | ५३५२५०५० | ५९०२७५५५ |
| ११३१३ सम्पत्ति कर | ७२00000 | १५३७३५०० | १६९१०८५० | १८६०१९३५ |
| ११३१४ भुमिकर मालपोत | | १०००००० | ५००००० | ५००००० |
| ११३२१ घरवहाल कर | ३०००००० | ६२४०००० | ६८६४००० | ७५५०४०० |
| ११३२२ वहाल विरौटि कर | १५००००० | १६५०००० | १८१५००० | १९९६५०० |
| ११४७२ विज्ञापन कर | | ७००००० | १०००००० | १३००००० |
| १४२२९ अन्य प्रशासनिक सेवा सुल्क | ३००००० | ३३०००० | ३६३००० | ३९९३०० |
| १४२४१ पर्किङ शुल्क | २००००० | २२०००० | २४२००० | २६६२०० |
| १४२४२ नक्सापास दस्तुर | २५००००० | ७५६७००० | ८३२३७०० | ९१५६०७० |

| | | | | |
|---|---|---|---|---|
| १४२४३ सिफारिस दस्तुर | ५०००००० | ५५००००० | ६०५०००० | ६६५५००० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ३००००० | ३३०००० | ३६३००० | ३९९३०० |
| १४२४९ अन्य दस्तुर | २०००००० | २२००००० | २४२०००० | २६६२००० |
| १४२५३ व्यवसाय रजिष्टेशन कर | | ९५०००० | १०४५००० | ११४९५०० |
| १४५२९ अन्य राजश्व | १००००० | ११०००० | १२१००० | १३३१०० |
| १४६११ व्यवसाय कर | ३०००००० | ६८२५००० | ७५०७५०० | ८२५८२५० |
| **राजश्व बाँडफाँडबाट प्राप्त रकम** | **१२७११८०००** | **१३३४७३९००** | **१४०१४७५९५** | **१४७१५४९७४** |
| **संघिय सरकारबाट प्राप्त** | **४४७७६८०००** | **४७०१५६४००** | **४९३६६४२२०** | **५१८३४७४३१** |
| **१३३११ समानीकरण अनुदान** | १४४२००००० | १५४११०००० | १५८९८०५०० | १६६९२९५२५ |
| **१३३१२ शर्शत अनुदान चालु** | २५७६६८००० | २७०५५१४०० | २८४०७८९७० | २९८२८२९१८ |
| **१३३१३ शर्शत अनुदान पुँजिगत** | ३०७००००० | ३२२३५००० | ३३८४६७५० | ३५५३९०८७ |
| **१३३१५ विषेश अनुदान पुँजिगत** | ८३००००० | ८७१५००० | ९१५०७५० | ९६०८२८७ |
| **१३३१७ समपुरक अनुदान पुँजिगत** | ६९००००० | ७२४५००० | ७६०७२५० | ७९८७६१२ |
| **प्रदेश सरकारबाट प्राप्त** | **२७२५२०००** | **२८६१४६००** | **३००४५३३०** | **३१५४७५९६** |
| **१३३११ समानीकरण अनुदान** | १७२५२००० | १८११४६०० | १९०२०३३० | १९९७१३४६ |
| **१३३१३ शर्शत अनुदान पुँजिगत** | ४०००००० | ४२००००० | ४४१०००० | ४६३०५०० |
| **१३३१५ विषेश अनुदान पुँजिगत** | २०००००० | २१००००० | २२०५००० | २३१५२५० |
| **१३३१७ समपुरक अनुदान पुँजिगत** | ४०००००० | ४२००००० | ४४१०००० | ४६३०५०० |

*स्रोत: राजस्व सुधार कार्ययोजना २०७८*

मथि उल्लेखित तालिकामा आ.व २०७८।०७९ मा नगरपालिकाले गरेका आन्तरिक तथा बाह्य आय प्रक्षेपण तथा पालिकाका राजश्व संकलनका दायराहारुको विस्लेषण र केन्द्र सरकार, प्रादेशिक सरकार र स्थानिय सरकारका आम्दानीका श्रोतहरु साथै नगरपालिकाका आम्दानीका क्षेत्रहरु, स्थलगत निरिक्षण, पालिकाद्धारा प्रकाशन गरिएका बजेट, नीति तथा कार्यक्रमका साथसाथै कार्यशाला गोष्टीमा प्राप्त जानकारीको आधारमा आगामि बर्षको नगरपालिकाको आय प्रक्षेपण गरिएको छ । सो क्रममा आ.व. २०७९।०८० का लागि प्रक्षेपित आयमा आन्तरीक तर्फ वार्षिक १० प्रतिशतले वृद्धि हुने साथै नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, बाडफाँड रकम आदिमा वार्षिब ५ प्रतिशतले वृद्धि हुने लक्षका साथ आगामी ३ आर्थिक बर्षको नगरपालिकाको आय संरचना प्रश्तुत गरिएको छ । नगरपालिकामा चालु आ.व. मा आन्तरिक आय रु.२ करोड ५१ लाख संकलन गर्ने लक्ष राखिएकोमा यो राजश्व सुधार कार्ययोजना लागु भए पश्चात आ.व २०७९।०८० मा १९५ प्रतिशतले वृद्धि भई रु.४ करोड ८९ लाख ९५ हजार राजश्व संकलन हुने प्रक्षेपण गरिएको छ ।

# परिच्छेद छ

## अपेक्षित नतिजा र सुझावहरू

यो कार्ययोजना प्रतिवेदनमा बदलिंदो परिवेश अनुसार राजस्व परिचालनका क्षेत्रमा गर्नुपर्ने कृयाकलापहरूको पहिचान र योजनाका साथमा अगामी आर्थिक तीन वर्षहरूमा संकलन हुन सक्ने राजस्वको प्रक्षेपण गरिएको छ।

सारांशमा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात देवचुली नगरपालिकाको राजस्वमा हुनसक्ने परिवर्तनको अनुमान गरी यो प्रक्षेपण गरिएको छ। यो प्रक्षेपण तयार गर्दा स्थानीय तहको चालु आर्थिक बर्ष २०७८/७९ मा अनुमान गरिएका आय शिर्षकहरूलाई माध आधार लिइएको छ। स्थानीय राजस्वका नयाँ क्षेत्र पहिचान नभएको तथा संघिय सरकार र स्थानीय सरकार बीच र प्रदेश सरकार र स्थानीय सरकार बीच राजस्व बाँडफाँड हुने नयाँ स्रोतहरूको आधार तयार नभएकोले त्यसलाई समावेश गरिएको छैन। त्यसैले भविष्यमा नगरपालिकाले राजस्व आयमा उल्लेख गरिए भन्दा बढी आय प्राप्त हुने अवस्था रहेको छ। त्यस बाहेक नयाँ क्षेत्र पहिचान नगरपालिकाले गरेमा पनि त्यो आय थप हुन सक्ने अवस्था रहेको छ।

**तालिका १७: नगरपालिकाको सम्भावित आय संरचना**

| शिर्षकहरु | आ.ब. २०७९/८० | आ.ब. ०८०/८१ | आ.ब. २०८०/८२ |
|---|---|---|---|
| देवचुली नगरपालिकाको कुल राजश्व | १८२४६९४०० | १९३६७२६४५ | २०६१८२५२९ |
| आन्तरिक श्रोत | ४८९९५५०० | ५३५२५०५० | ५९०२७५५५ |
| राजश्व बाँडफाँडबाट प्राप्त रकम | १३३४७३९०० | १४०१४७५९५ | १४७१५४९७४ |
| नेपाल सरकारबाट प्राप्त अनुदान | ४७०१५६४०० | ४९३६६४२२० | ५१८३४७४३१ |
| प्रदेश सरकारबाट | २८६१४६०० | ३००४५३३० | ३१५४७५९६ |
| देवचुली नगरपालिकाको कुल आय | ६८१२४०४०० | ७१७३८२१९५ | ७५६०७७५५६ |

*स्रोत: राजस्व सुधार योजना २०७८*

नगरपालिकालाई राजस्व संकलन अधिकार उल्लेख्य रुपमा प्रदान गरिएता पनि देवचुली नगरपालिकाको दायरा अधिक देखिदैन। आन्तरिक आय संकलन लाई जम्मा ११ वटा शिर्षकमा मात्र सिमत गरिएकोमा आय संकलनका आधार र दयराको अध्ययन गरि बढि भन्दा बढि शिर्षक तथा क्षेत्रलाई राजश्वको दायरामा ल्याई पालिकाको आन्तरिक आय तथा राजश्व संकलन वृद्धि गर्नुपर्ने देखिन्छ। नगरपालिकाले आफ्नो अधिकार क्षेत्रका सम्भाव्य सबै कर, शुल्क तथा दस्तुर संकलन गर्ने प्रयास गरेको देखिन्छ। सिमित साधन र श्रोतका कारण राजस्व प्रशासन प्रभावकारी हुन नसक्ने भएकोले तत्काल राजस्व बृद्धिमा योगदान पुऱ्याउन मद्दत गर्ने केहि महत्वपुर्ण र प्रभावकारी श्रोतहरूको संकलन तर्फ ध्यान दिनु उपयुक्त देखिन्छ। साथै राजस्व सुधार कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरूलाई पनि प्राथमिकीकरण गरी कार्यान्वयन गर्नु उचित हुन्छ। नगरपालिकाले राजश्वको प्रभावकारी संकलनका लागि प्राथमिकताका आधारमा तत्काल जोड दिनुपर्ने राजस्वका शीर्षकहरू निम्नानुसार छन :

- सम्पत्ति कर
- व्यवसाय कर
- बहाल कर
- नक्सापास दस्तुर

- व्यवसाय रजिष्ट्रेशन दस्तुर
- वन पैदावार
- मनोरञ्जन कर
- विज्ञापन कर

उपरोक्त करको प्रभावकारी संकलनका लागि प्राथमिकताका आधारमा गर्नुपर्ने क्रियाकलापहरू निम्नानुसार छन् :

- आवश्यक जनशक्ति तथा भौतिक सुविधा सहितको राजस्व शाखा गठन गर्ने ।
- सम्पत्ति कर वैज्ञानिक ढङ्गले लागु गर्ने ।
- तथ्याङ्क संकलन र अद्यावधिक गर्ने ।

त्यसैगरी नगरपालिकाले राजस्व बृद्धि एवं करको प्रभावकारी संकलनका लागि प्राथमिकताका आधारमा निम्नानुसारका क्रियाकलापहरू गर्न सिफारिस गरिन्छ :

- राजस्व परिचालनको लागि आवश्यक जनशक्ति तथा भौतिक सुविधा सहित वर्तमान राजस्व शाखालाई थप सुदृढिकरण गर्ने ।
- राजस्व सक्बन्धी सम्पूर्ण तथ्यांक संकलन र अद्यावधिकरण गर्ने र स्वचालीत वनाउने ।
- घरवहाल करको प्रगतिशील दर निर्धारण गर्ने साथै बहाल विटौरी करका क्षेत्रहरुको ठेक्का निर्धारण गर्ने ।
- करदाताहरूलाई अभिमूखीकरण गर्ने तथा करदाताहरूलाई नियमित रुपमा पत्र वा विद्युतिय सूचना पठाउने ।
- लेखा प्रणालीलाई व्यवस्थित गरी पेश्की नियन्त्रण, वैज्ञानिक लेखा प्रणालीको ब्यवस्थापन र स्थीर सम्पत्तिहरूको संरक्षण र परिचालन गर्ने ।
- राजस्व प्रणालीलाई अनुमानयोग्य बनाउन आवश्यक प्रकृया अगाडी बढाउने ।

**थप सुझावहरु**

- पालिकामा दर्ता गरेर मात्र व्यवसाय संचालन गर्न उत्प्रेरित गर्ने ।
- नगरपालिकाको आय बृद्धिको लागि नगरक्षेत्रभित्र रहेका सार्वजनिक जग्गा तथा मठमन्दिरसँग रहेको सार्वजनिक जग्गाहरुलाई व्यवस्थित गरी व्यावसायिक रुपमा प्रयोग गर्ने व्यवस्था मिलाउने ।
- नगरपालिकाको स्वामित्वमा रहेको उपयुक्त स्थानमा सटर निर्माण गरी भाडामा दिन सकिने ।
- नगरपालिका क्षेत्रमा रहेका निजी विद्यालयको तथ्यांक अद्यावधिक गर्ने ।
- द्यर्षीष्लिन क्थकतभ्क को विकास (जस्तैः कःक र :यदषभि क्थकतभ्क० गर्ने ।
- राजस्वलाई नगरपालिकाको सेवा प्रणालीमा आवद्ध गर्ने र करदाता तथा सेवाग्राही सचेतना कार्यक्रमहरु संचालन गर्ने ।
- पालिकाको राजस्व प्रशासन सम्बन्धी कार्य क्रमशः वडा तहमा विकेन्द्रिकरण गर्दै लैजाने ।
- निजी क्षेत्र र विभिन्न दातृ निकायहरुबाट सञ्चालन गरिने कार्यक्रम र लगानीलाई नगरपालिकाको वहुवर्षिय तथा वार्षिक कार्यक्रमसँग आवद्ध गरी स्रोत परिचालन गर्ने ।
- देवचुली नगरपालिकाले संचालन गर्दै आएका सम्भाव्य आयोजनाहरुको निर्माण, मर्मत तथा संचालनमा निजी क्षेत्रको सहभागिता बढाउँदै लैजाने ।
- प्रविधिको उच्चतम प्रयोग गर्दै नगरपालिकाको कर प्रणाली र खर्च प्रणालीलाई क्रमशः कम्प्यूटर सफ्टवयर प्रणालीमा लैजाने ।

**राजस्व अभिबृद्धिका लागि वडागत रुपमा सुझावहरु**

- व्यवसायीक तरकारी, फलफुल, पशुपंक्षि तथा दुध संकलन केन्द्रको स्थापना गर्न सकिने,
- पर्यटकिय सम्भावना भएको क्षेत्रको पहिचान गरी पिकनिक स्थल तथा पार्क निर्माण गर्ने,
- वडा वासिलाई करको वारेमा जानकारी दिने र नतिर्नेलाई दण्ड तथा जरिवानाको नीति कार्यान्वयन गर्ने,
- आवास क्षेत्र तथा व्यापारिक क्षेत्रको श्रेणि विभाजन गरि घर बहाल कर उठाउन सकिने,
- व्यवसायीहरुलाई करको दायरामा ल्याई कर तिर्न लगाउने नतिर्नेलाई दण्ड तथा जरिवाना लगाउने,
- कर तथा राजस्व सम्बन्धि जनचेतना जगाउने कार्यक्रम गर्ने,
- निजी विद्यालयलाई कर उठाउने कार्यको कार्यान्वयन गर्ने,
- नगरपालिका क्षेत्रमा व्यवसाय गर्दा अनिवार्य रुपमा व्यवसाय दर्ता गराएर मात्र गर्ने प्रणाली कार्यान्वयनमा ल्याउने र व्यवसाय दर्ता भए नभएको अनुगमन गर्ने,
- कर दरमा समयसापेक्ष परिमार्जन गर्दै दयरा फराकिला पार्ने,
- बढि तथा समयमा कर तिर्ने करदातालाई प्रोत्साहनको व्यवस्था गर्ने,
- राजश्व शाखाको क्षमता अभिवृद्धि गर्ने  तथा सुचना प्रविधिको अधिकतम उपयग गर्ने
- करदाताको व्यवस्थित अभिलेख गर्ने र त्यसलाई स्वचालीत बनाई राजश्व चुहावट नियन्त्रण तथा आन्तरिक लेखापरिक्षणमा जोड दिने,
- राजश्व संकलनको नियमित प्रगति समिक्षा गर्ने तथा सुधार गर्नु पर्ने देखिएमा तत्काल सुधारका कार्य गर्ने,
- राजश्व परार्मश समितिको भुमिकालाई प्रभावकारी बनाउदै लैजाने
- राजस्व मुल्याङकन तथा अनुगमन प्रभावकारी, नतिजामुखी र चुस्त बनाउने ।

# परिच्छेद सात

# अनुगमन तथा मूल्यांकन

प्रस्तुत राजस्व सुधार कार्ययोजना कार्यान्वयनको तीन बर्षको अवधिमा यसको कार्यान्वयन प्रभावकारीता हासिल गर्नको लागि विभिन्न समयमा विभिन्न पक्षको अनुगमन तथा मुल्यांकन भएमा यसको प्रभावकारी कार्यान्वयन हुनलाई थप सहयोग पुग्ने हुन्छ । स्थानीय सरकार संचालन ऐनको व्यवस्था अनुसार राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी आय अनुमान गर्ने र स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिलाई आगामी ३ आर्थिक बर्षको आय अनुमान गर्ने कार्यमा यो राजश्व सुधार कार्ययोजनाले सहयोग गर्दछ । राजश्व सुधारका नीति, कृयाकलापहरु तथा वजेट अनुमान पश्चात राजश्व सुधार कार्ययोजना अनुसारका कृयाकलापहरु संचालन भए नभएको तथा अनुमान अनुसार आय असुली भएको नभएको सम्वन्धमा नियमित रुपमा अनुगमन गर्ने, आगामी आर्थिक बर्षको आय प्रक्षेपणको लागि त्यस अवधि सम्मको कृयाकलाप तथा आय असुली अवस्थाको मूल्यांकन गर्ने तथा आर्थिक बर्ष सम्पन्न भएपछि सो आर्थिक बर्षकोलागि तय गरिएका कृयाकलापहरु तथा आय असुली अवस्थाको मूल्यांकन गर्न आवश्यक हुन्छ । यो राजश्व सुधार कार्य योजनाको अनुगमन तथा मूल्यांकनको लागि निम्न चार तहको अनुगमन तथा मूल्यांकन व्यवस्था सिफारिश गरिएको छ ।

## (क) कार्यलय स्तरको अनुगमनः

नगरपालिकाको तहबाट प्रत्यक्ष रूपमा कार्ययोजनाको कार्यान्वयनको सन्दर्भमा भएका प्रगतीको नियमित परिक्षण गर्ने कार्य यस अन्तर्गत पर्दछ । यो स्तरको अनुगमन तथा मूल्यांकनको लागि प्रमुख प्रशासकिय अधिकृत, राजश्व शाखा तथा अन्य सम्वन्धित शाखाका प्रतिनिधिहरुलाई जिम्मेवार वनाउनु पर्दछ । स्थानीय तहले कम्तिमा महिनामा एक पटक बैठक वसी योजनाको कार्यान्वयनको अवस्था तथा असुली अवस्थाको अनुगमन गरी लक्ष हासिल गर्नेतर्फ आवश्यक कार्यगत निर्णयहरु गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । कार्यलयगत संरचनाको विकास गरि छिटो छरितो र सरल रुपमा राजश्व संकलन हुने वातावरण र अवस्था निर्माण गर्नु पर्दछ ।

## (ख) राजश्व परामर्श समितिवाट अनुगमन तथा मूल्यांकनः

नगरपालिकाको राजश्व परामर्श समितिले चौमासिक रुपमा राजश्व सुधार योजनाको कार्यान्वयनको अवस्था तथा आय संकलनको अवस्थाको नियमित अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने कार्य यस अन्तर्गत पर्दछ । त्यसैगरी आगामी आर्थिक बर्षकोलागि आयको अनुमान गर्ने कार्य र यसअघि भएका कार्यको मूल्यांकन गरी स्रोत, दर तथा दायरामा सुधारको लागि कृयाकलाप सिफारिश गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु पर्दछ । यसका अतिरिक्त आर्थिक बर्षको समाप्ती पश्चात राजश्व सुधार योजनाको समिक्षा गरिनु पर्दछ । समिक्षा पश्चात आवस्यक सुधारका उपाय अवलम्वन गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षमा परिमार्जन गर्दै लैजानु पर्दछ ।

## (ग) कार्यपालिकावाट अनुगमन तथा मूल्यांकनः

कार्यपालिका स्थानीय सरकारको उच्चतम नीतिगत निर्णय गर्ने निकाय हो । स्थानीय तहको राजस्व परिचालनका सन्दर्भमा प्रस्तुत कार्ययोजनाको कार्यान्वयनका लागि आवश्यक निर्णय गर्नुपर्ने भएमा कार्यपालिकाको बैठकले राजश्व परामर्श समितिवाट प्रस्तुत गरेका सुझावहरुलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्ने कार्य यस अन्तर्गत पर्दछ । त्यस प्रकारको छलफलको क्रममा राजश्व सुधार योजना तथा आय असुली अवस्थाको समिक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्न आवश्यक भएमा निर्णय गरी कार्यान्वयनमा लैजानु पर्दछ । राजश्व परामर्श समितिले औल्याएका सुधारका कार्य र सिफारिस गरेका प्रवधानहरुलाई नगरसभाबाट संसोधन गर्नुपर्ने भएमा आवस्यकता र औचित्यका आधारमा संसोधन गरि अनुमोदन गर्नुपर्ने हुन्छ ।

### (घ) वाह्य अनुगमन तथा मूल्यांकनः

नगरपालिकाको राजश्व सुधार कार्ययोजना कार्यान्वयनको क्रममा पालिका क्षेत्रभन्दा बाहिर रहेका विभिन्न पक्षहरूबाट हुने अनुगमन तथा मुल्यांकन यस अन्तर्गत पर्दछ। यसका लागि राजस्व सुधार योजना कार्यान्वयनको क्रममा सहजिकरण गर्ने चाहने संघिय मामला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, जिल्ला समन्वय समिती, दातृ निकायहरु, तथा अन्य राजस्व क्षेत्रमा सरोकार राख्ने निकायहरूले कार्ययोजना कार्यान्वयनको अनुगमनको लागि सहयोग प्रदान गर्न सक्नेछन् । यस्तो अनुगमन प्रणालीको स्थापनाले स्थानीय तहको अनुगमन तथा प्रतिवेदन गर्ने क्षमतामा विकास हुनेछ भने पालिकाको अनुगमनबाट नदेखिएका पक्षको पहिचान हुन गई कार्ययोजना कार्यान्वयन थप परिस्कृत हुन जान्छ । राजश्व प्रशासनसंग सम्वन्धित तथ्यांक वाहेक योजना कार्यान्वयन प्रकृयाको अनुगमन तथा करदाताहरुको अनुभुति संकलन पनि अनुगमनको मूख्य विधि हुनसक्नेछ ।

अनुसूची १ : तथ्यांक/सूचना संकलनका फारम

# देवचुली नगरपालिका, नवलपरासी

# राजस्व सुधार कार्ययोजना तर्जुमा

**तथ्यांक संकलन सूची**

**नगरपालिकाको संक्षिप्त परिचय तथा हालको अवस्थाः**

- संक्षिप्त परिचय :
  - ➢ नामांकरण
  - ➢ घरधुरी तथा जनसंख्या
  - ➢ क्षेत्रफल तथा वडा विभाजन
  - ➢ प्रशिद्ध स्थलहरु
- मुख्य पूर्वाधारको अवस्था
  - ➢ सडक, बाटो, पुल
  - ➢ बिजुली
  - ➢ खानेपानी तथा सिंचाई
  - ➢ सावर्जनिक भवन तथा पूर्वाधारहरु
  - ➢ फोहरमैला व्यवस्थापन (फोहरको परिमाण र व्यवस्थापनको अवस्था)
- आर्थिक अवस्था र भौगोलिक बनोट
  - ➢ उद्योग, व्यवसाय तथा कलकारखाना
  - ➢ मुख्य व्यापारिक केन्द्रहरु
  - ➢ भौगोलिक अवस्थिती
  - ➢ प्राकृतिक तथा पर्यटकिय सम्पदा

**नगरपालिकाको संगठनतथा राजस्व प्रशासन :**

- हालको संगठनसंरचना
  - ➢ निर्वाचित पदाधिकारीहरुको विवरण
  - ➢ कर्मचारीहरुको विवरण
- राजस्व शाखा तथा राजस्व प्रशासन
  - ➢ राजस्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण
  - ➢ कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता
  - ➢ फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरु
  - ➢ राजस्व सम्बन्धी डाटा वेस
  - ➢ राजस्व प्रशासनमा सफ्फट्वेयर र त्यसको प्रयोग
  - ➢ कप्यूटर विलिङ प्रणालिको प्रयोग,
- भौतिक सुविधाहरु
  - ➢ कार्यालयका भवनहरु

➢ सवारी साधन
➢ फर्निचर, कम्प्युटर, प्रिन्टर

**नगरपालिकाको आय (आन्तरिक तथा वाह्य) सम्बन्धीविवरणः**

- विगत दुई आर्थिक वर्षहरु (२०७६/७७, ०७७/७८) को यथार्थ आय विवरण
- चालु आर्थिक वर्षको (२०७८/७९) को अनुमानित/बजेट विवरण
- चालु आर्थिक वर्षका लागि नगर/नगर सभाले पारित गरेको कर, शुल्क तथा दस्तुरका दरहरु

**अन्य दस्तावेज तथा सूचनाहरु**

- नगर/नगर सभाले पारित गरेको आर्थिक ऐन
- राजस्व सँग सम्बन्धी त अन्य नीति तथा कार्यक्रमहरु
- नगरपालिकाको बस्तुस्थिति विवरण
- राजस्व परिचालनकालागि भएका प्रभावकारी प्रयासहरु

**<u>तथ्यांक संकलन फारम</u>**

१. घरधुरी सर्वेक्षण २०७६ बमोजिम यहाको कुल जनसंख्या ४९६७३ जना रहेकोमा राष्ट्रिय जनगणना २०७८ को प्ररम्भीक नतिजाको आधारमा यस नगरपालिकाको कुल जनसंख्या ५९४०० जना रहेको छ ।
२. अहिले वडाको अनुमानित जनसंख्या कतिहोला ?
३. वडामा अनुमानित कति घरधुरी छन ? निर्वाचन मतदाता नामावलीका आधारमा ?
४. वडामा कति प्रतिसत व्यवसायी छन् ?
ठूला व्यवसायी
मझौला व्यवसायी
साना व्यवसायी
५. वडा भित्र अनुमानित कति घरहरु भाडामा लागेको होला ?
५.१ भाडामा लागेको मध्ये कति प्रतिसतले व्यवसायिक प्रयोजनमा भाडामा लिनु भएको छ होला
५.१ भाडामा लागेको मध्ये कति प्रतिसतले कोठा वा फ्याट भाडामा लिनु भएको होला
५.२ आफ्नै घरमा व्यवसाय सञ्चालन गर्ने कति प्रतिसत हुनुहुन्छ होला
६. व्यवसायका लागि औषत भाडा दर कति छ
७. कोठा वा फ्याट का लागि औषत भाडा दर कति छ ………… कोठा १……. ? फ्ल्याट ?

- **वार्षिक सवारी कर**

| विवरण | संख्या | औषत करको दर | सम्भाब्य रकम |
|---|---|---|---|
| ठूला सवारी | | | |
| मझौला सवारी | | | |

| | | | |
|---|---|---|---|
| साना सवारी | | | |

- **विटौरी कर**

| विवरण | क्षेत्रफल | औषत करको दर | सम्भाव्य रकम |
|---|---|---|---|
| ठुला (ब्यापारीक क्षेत्र) | | | |
| मझौला (आवासिय क्षेत्र) | | | |
| साना | | | |

- **विज्ञापन कर**

| विवरण | संख्या | औषत करको दर | सम्भाव्य रकम |
|---|---|---|---|
| ठुला | | | |
| मझौला | | | |
| साना | | | |

- **मनोरञ्जन कर**

| विवरण | संख्या | औषत करको दर | सम्भाव्य रकम |
|---|---|---|---|
| ठुला | | | |
| मझौला | | | |
| साना | | | |

- **सवारी पार्किङ्ग शुल्क**

| विवरण | संख्या | औषत शुल्कको दर | सम्भाव्य रकम |
|---|---|---|---|
| ठुला सवारी | | | |
| मझौला सवारी | | | |

| | | | |
|---|---|---|---|
| साना सवारी | | | |

- **खानेपानी सेवा शुल्क**

| विवरण | संख्या | औषत शुल्कको दर | सम्भाव्य रकम |
|---|---|---|---|
| ठुला प्रयोगकर्ता | | | |
| मझौला प्रयोगकर्ता | | | |
| साना प्रयोगकर्ता | | | |

- **फोहरमैला व्यवस्थापन शुल्क -उत्पादन कर्ता भएको भए मात्र**

| विवरण | संख्या | औषत शुल्कको दर | सम्भाव्य रकम |
|---|---|---|---|
| ठुला उत्पादनकर्ता | | | |
| मझौला उत्पादनकर्ता | | | |
| साना उत्पादनकर्ता | | | |

- **ढल निकास सेवा शुल्क**

| विवरण | संख्या | औषत शुल्कको दर | सम्भाव्य रकम |
|---|---|---|---|
| ठुला उत्पादनकर्ता | | | |
| मझौला उत्पादनकर्ता | | | |
| साना उत्पादनकर्ता | | | |

- **तरकारी वजार सेवा शुल्क**

| विवरण | संख्या | औषत शुल्कको दर | सम्भाव्य रकम |
|---|---|---|---|
| ठुला व्यवसायी | | | |

| | | | |
|---|---|---|---|
| मझौला व्यवसायी | | | |
| साना व्यवसायी | | | |

- **पशुवधशाला सेवा शुल्क**

| विवरण | संख्या | औषत शुल्कको दर | सम्भाब्य रकम |
|---|---|---|---|
| ठुला पशु | | | |
| मझौला पशु | | | |
| साना पशु | | | |

- **सार्वजनिक संरचना मर्मत सम्भार शुल्क**

| विवरण | संख्या | औषत शुल्कको दर | सम्भाब्य रकम |
|---|---|---|---|
| ठुला उपभोक्ता | | | |
| मझौला उपभोक्ता | | | |
| साना उपभोक्ता | | | |

- **सडक बत्ती सेवा शुल्क**

| विवरण | संख्या | औषत शुल्कको दर | सम्भाब्य रकम |
|---|---|---|---|
| ठुला उपभोक्ता | | | |
| मझौला उपभोक्ता | | | |
| साना उपभोक्ता | | | |

- **अतिथी गृह सेवा शुल्क**

| विवरण | संख्या | औषत शुल्कको दर | सम्भाब्य रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ठुला (उच्च सुविधा) | | | |
| मझौला (मध्यम सुविधा) | | | |
| साना | | | |

- **अस्पताल सेवा शुल्क**

| विवरण | संख्या | औषत शुल्कको दर | सम्भाब्य रकम |
|---|---|---|---|
| ठुला | | | |
| मझौला | | | |
| साना | | | |

- **सार्बजनिक भवन सेवा शुल्क**

| विवरण | संख्या | औषत शुल्कको दर | सम्भाब्य रकम |
|---|---|---|---|
| ठुला | | | |
| मझौला | | | |
| साना | | | |

- **पार्क सेवा शुल्क**

| विवरण | संख्या | औषत शुल्कको दर | सम्भाब्य रकम |
|---|---|---|---|
| ठुला | | | |
| मझौला | | | |
| साना | | | |

- **पिकनिक स्थल सेवा शुल्क**

| विवरण | संख्या | औषत शुल्कको दर | सम्भाब्य रकम |
|---|---|---|---|
| ठुला | | | |
| मझौला | | | |
| साना | | | |

- **हाउजिङ्ग सेवा शुल्क**

| विवरण | संख्या | औषत शुल्कको दर | सम्भाब्य रकम |
|---|---|---|---|
| ठुला | | | |
| मझौला | | | |
| साना | | | |

- **ल्इक्ल्इ सेवा शुल्क**

| विवरण | संख्या | औषत शुल्कको दर | सम्भाब्य रकम |
|---|---|---|---|
| ठुला | | | |
| मझौला | | | |
| साना | | | |

- **बैंक सेवा शुल्क**

| विवरण | संख्या | औषत शुल्कको दर | सम्भाब्य रकम |
|---|---|---|---|
| ठुला | | | |
| मझौला | | | |
| साना | | | |

- **सहकारी सेवा शुल्क**

| विवरण | संख्या | औषत शुल्कको दर | सम्भाव्य रकम |
|---|---|---|---|
| ठुला | | | |
| मझौला | | | |
| साना | | | |

- **बिद्यालय सेवा शुल्क**

| विवरण | संख्या | औषत शुल्कको दर | सम्भाव्य रकम |
|---|---|---|---|
| ठुला | | | |
| मझौला | | | |
| साना | | | |